# वीरगंज महानगरपालिका ई-बुलेटिन

बर्ष १, अंक- ३४ २०७९ बैशाख १९ गते सोमबार/ नेपाल संवत् ११४१/ Monday, May – 02, 2021 पृष्ठ ४

## मेयरका उम्मेदवार सरावगी भन्छन् : वीरगञ्जमा विकासको जग बसाएको छु, जनताले साथ दिन्छन्

नेपाली काँग्रेस, लोकतान्त्रिक समाजवादी, नेकपा माओवादी केन्द्रबाट वीरगञ्ज नगर प्रमुखमा उम्मेदवारी परेको छैन । राष्ट्रिय प्रजातन्त्र पार्टीले पत्रकार गिरीश गिरीलाई मैदानमा उतारेका छन् । ठूला अरु दलबाट उम्मेदवारी नपरेको र स्वतन्त्रमा पनि खासै लोकप्रीय उम्मेदवार देखिएका छैनन् । सत्ता गठबन्धन र एमाले(लोसपा गठबन्धन गरी दुई गठबन्धनका उम्मेदवारबीच नै प्रतिश्पर्धा हुने देखिन्छ ।

व्यापारिक पृष्ठभूमिबाट राजनीतिमा छिरेका विजय कुमार सरावगी छोटो समयमा राम्रो उपलब्धी हाँसिल गर्ने मध्येमा पर्दछन् ।

उनी २०६३ को लोकतान्त्रिक आन्दोलनको बेला वीरगञ्ज उद्योग वाणिज्य संघको अध्यक्ष थिए । पछि नेपाल उद्योग वाणिज्य महासंघको केन्द्रीय सदस्य पनि बने । २०७४ सालको स्थानीय निर्वाचन हुनुभन्दा ६ महिनाअघि तत्कालीन संघीय समाजवादी फोरममा प्रवेश गरेका थिए । उनले १९ हजार ३ सय ९३ मत ल्याएर चुनाव पनि जिते ।



०७८ फागुन अन्तिम साता नेकपा एमाले प्रवेश गरेका उनी दोस्रो पटक नगर प्रमुख बन्ने दौडमा छन् । कोरोना महमारीका बावजुद आफूले वीरगञ्जमा विकासको जग बसाएको उनको दावी छ । अझै एक कार्यकाल वीरगञ्जको सेवा गर्न आफू जनताको माझमा जान लागेको उनी बताउँछन् ।

मनोनयन दर्ता गरेर फर्कदैं गर्दा उनले आफ्नो प्रतिश्पर्धी नै नभएको टिप्पणी गरेका थिए । उनै विजय कुमार सरावगीसँग वीरगञ्जबाट कुराकानी गरेका छन् ।

**वीरगञ्जका जनताले तपाईलाई नै भोट फेरि किन दिने ?**

भोट दिने धेरै आधारहरु छन् । साढे ४ वर्षको मेरो आफ्नो सिकाई छ । कुनै नयाँ मान्छे आयो भने उसलाई बुझ्न नै दुई वर्ष लाग्छ । म कन्टीन्युटी मेयरको रुपमा भएकोले जुन पुराना योजना छन्, जुन मैले सोच बनाएको छु,

ती सबैलाई कार्यान्वयन गर्न सजिलो हुन्छ । दोस्रो कुरा, वीरगञ्जलाई नयाँ वीरगञ्जको रुपमा स्थापित गर्नुपर्ने छ । ड्राईपोर्ट र आईसीपीको अगाडि ल्याण्ड पुल गरेर नयाँ वीरगञ्ज बनाउँछु भनेर पटक पटक भनेको छु । एडिबीको सहयोग बाट त्यो कामलाई अघि बढाउनुछ । सिर्सिया करिडोर पनि त्यति नै आवश्यक छ । अतिक्रमित सिर्सियालाई बचाउनुछ । दुवैतिर रोड र नाला बनाउनुछ । महानगरको मापदण्ड पुरा गर्न जुन भौतिक पूर्वाधार आवश्यक थियो त्यसको ८० प्रतिशत कम छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेको कुरा पनि ठिक पार्नुपर्नेछ । त्यो हिसाबले ठूलो लगानी चाहिन्छ । वीरगञ्जलाई महानगरपालिका हजारमा राजनीतिक कारणले घोषणा गरिएको थियो । मेरो इच्छा छ कि महानगरपालिको सेपमा वीरगञ्जलाई दिउँ । ग्रामिण क्षेत्रको जनता छ, जुन अचानक ल्याएर महानगरपालिकामा १६ वटा जडा जोडिएको थियो । ती ग्रामिण क्षेत्रका जनताका लागि स्याटेलाईट सिटिको अवधारणा मैले पहिले पनि ल्याएको थिँए । फण्डको अभाव र कोभिडका कारण धेरै गर्न सकेनौं । तैपनि ठाउँ ठाउँमा प्रयास गरिएको थियो । त्यो अनुसार स्याटलाईट सिटीको अवधारणालाई पनि मुर्तरुप दिनुपर्नेछ ।

शिक्षा र स्वास्थ्यको निरन्तरता, आधुनिकीकरण र आवश्यक कुरा पुरा गर्न अझै बाँकी नै छ । वृद्धवृद्धा, गर्भवती, सुत्केरी महिला र बालबालिकाका लागि गर्नुपर्ने धेरै काम छ । विशेषगरि वीरगञ्जलाई बालमैत्री घोषणा गर्नका लागि ३९ वटा सूचक पुरा गरेर तयारी गरिसकेका थियौं । कोरोना महामारीको समयमा थप १२ वटा सूचक थपिएको कारणले गर्दा पुरा हुन सकेन । बालमैत्री वीरगञ्ज बनाउने अभियान मेरो थियो, त्यसलाई पुरा गरौंला ।

फोहोरमैलाको व्यवस्थापन अहिले आधुनिकीकरणतर्फ तर्फ लग्दा लग्दैपनि समस्या छ । अब जनचेतना र जनताको सहयोग लिएर अझै राम्रो ढंगले फोहोरमैलाको व्यवस्थापन गर्नुपर्ने आवश्यकता छ । त्यसका लागि जनशक्ति नथपी काम छैन, जुनबेला मात्र १६ वटा वडा थियो, ८ सय जना सरसफाईकर्मी थिए, अहिले २ सय जना कर्मचारीसँग मात्रै काम चलाईरहेका छौं । सिभरेज ट्रिटमेन्ट प्लान्ट बनाएका छौं । जुन जुन ईलाकाबाट सिभर लाईनहरु गएको छ । सबै घरलाई जोड्ने काम छ । सँगसँगै १० हजार लिटरसम्म पानी र २० युनिट विद्युत प्रयोग गर्नेलाई हामी निशुल्क गर्छौं । यो नयाँ नीति बनाएका छौं । यस्ता थुप्रै काम र कारणहरु छन् । जसलाई संस्थागत गर्नुछ कर्मचारी प्रशासनलाई

बांकी दोश्रो पेजमा

## जन्मभूमि प्रतिको कर्तव्यबोधले आएको हुँ - गिरीश गिरी

अवसरका लागि हैन, जन्मभूमि प्रतिको कर्तव्यबोधले आएको हुँ । गिरीश गिरी वीरगञ्जमा सत्तागठबन्धनका तर्फबाट जनता समाजवादीले नेता राजेशमान सिंहलाई उम्मेदवार बनाएको छ । उनी केहि समय अघि मात्रै लोकतान्त्रिक समाजवादी पार्टी त्यागेर जसपामा आएका हुन् । उनी एमालेमा जाने टुंगो भईसकेको थियो । एमाले(लोसपा गठबन्धनले जसपा त्यागेर आएका निवर्तमान नगर प्रमुख विजय कुमार सरावगीलाई अघि सारेको छ । ०७४ सालको स्थानीय चुनावमा पनि दुवै जना प्रतिश्पर्धी नै थिए ।

०७४ सालको निर्वाचनमा नगर प्रमुखको निकटतम प्रतिद्वन्दी रहेको नेपाली काँग्रेस, छैठौं शक्ति एकीकृत माओवादी र नेकपा एमालेबाट छुट्टिएर बनेको दल नेकपा एसले नगर प्रमुखमा उम्मेदवार दिएको छैन । तर राष्ट्रिय प्रजातन्त्र पार्टीले नयाँ उम्मेदवार ल्याएको छ । राप्रपाले पत्रकार एवं लेखक गिरीश गिरीलाई अघि सारेको छ । पत्रकारिता र लेखन क्षेत्रमा चर्चित भएपनि उनी राजनीतिमा नयाँ खेलाडी हुन् ।

पूर्व मेयर गोपाल गिरीका छोरा हुनु बाहेक राजनीतिमा उनको योगदान छैन । गोपाल गिरी वि.स. २०६० सालमा वीरगञ्जको नगर प्रमुखमा मनोनित भएका थिए । माओवादीले गोली हानेर उनको हत्या गरेको थियो । उनै गिरीश गिरीसँग कुराकानी गरेका छन् ।

**गिरीश जी तपाई वीरगञ्जको नगर प्रमुखमा कसरी योग्य हुनुहुन्छ ?**

त्यसका दुईवटा मुख्य कारणहरु छन् । एउटा मेरो आफ्नै ट्रयाक रेकर्डलाई



हेर्नुस, स्थानीय तहका मुद्धालाई जनसरोकारका विषयहरुलाई मैले जहिलेपनि प्राथमिकता दिँदै आएँ । जीवनमा तीन दशक लामो सक्रिय पत्रकारिता गरें । पत्रकारितामा जनजीविकाको सवाल सँधै प्राथमिकतामा रहँदै आयो । त्यसदेखि बाहेक मैल लेखनको क्षेत्र अंगाले, डकुमेन्ट्री निर्माणको क्षेत्र अंगाले, सृजनाका विभिन्न क्षेत्र अंगालेर म अघि बढ्दै आएँ । यसरी अघि बढ्ने क्रममा पत्रकारिता रहँदा धेरै पटक प्रश्न उठाँए, अधिकांशका जवाफ आएनन् । पत्रकारिताले समाज परिवर्तन गर्ने होईन रहेछ, खाली झकझकाउने काम मात्रै गर्दो रहेछ । परिवर्तन गर्नका निम्ती, तपाईको आफ्नो सोच, भिजन, विचार स्थापित गर्नका निम्ति तपाई आफैं राजनीतिमा आउनुपर्दो रहेछ । राजनीतिमा अझ विशेषगरि भन्ने हो भनेदेखि स्थानीय तह जसले जनतालाई प्रत्यक्ष सम्बोधन गर्ने बडीमा आउन जरुरी रहेछ । मेरो एक किसिमको ठम्याईरह्यो ।

अर्कोतर्फ मेरो स्वर्गीय हजुरबुवा पनि हामी जहाँ बसिरहेका छौं यसै ठाउँको वडा अध्यक्ष हुनुहुन्थ्यो । यो भनेको प्रारम्भिक दिनको कुरा हो, जतिबेला वीरगञ्ज भर्खर सहर बनेको थियो । त्यतिबेला मेरो हजुरबुवा जनप्रतिनीधि हुनुहुन्थ्यो । भने हजुरबुवाको त्यो विरासतलाई मेरो बुवाले अघि अगाडी बढाउनुभएको थियो । मेरो बुवाले कसरी काम गर्नुभयो के गर्नुभयो भन्ने कुराका बारेमा वीरगञ्जबासी जानकार नै हुनुहुन्छ । १८ वर्ष अघि उहाँ मेयर रहेको समयमै उहाँको हत्या गरिएको थियो । उहाँको जुन सपना छ । त्यो पुरा गर्न सक्नुभएन । तर त्यो तीन महिनाको कार्य अवधि भित्र पनि जेजति गरेर जानुभयो । वीरगञ्जबासीका लागि मिसाल बनेर बसेको छ । वीरगञ्जबासीका निम्ती । मेरो बुवाको अधुरा सपना पुरा गर्नेदेखि लिएर एउटा सम्मुनत र आधुनिक वीरगञ्ज कसरी तयार हुन सक्छ भन्ने कुरा, मेरो आफ्नो जीवनका अनुभवहरु यी सबै कुरालाई समेटेर म आफू नेतृत्वमा आउन चाहान्छु । भन्ने ईच्छाले नै वीरगञ्जको उम्मेदवारका रुपमा डोर्‍याएर

बांकी तेश्रो पेजमा

## मजदुरी गरेको छु भने ज्याला दिन्छन वीरगञ्जबासीले : राजेशमान सिंह



मधेश आन्दोलनमा सक्रिय भएपनि अवसरबाट वञ्चित हुँदै आएका नेताका रुपमा सत्ता गठबन्धनका उम्मेदवार राजेशमान सिंह परिचित छन् । नेता सिंहले ०४३ सालमा नेपाल विद्यार्थी संघमा आवद्ध भएर राजनीति सुरु गरे । ०५४ सालमा कांग्रेसबाटै वडा सदस्यमा निर्वाचित पनि भए । दोस्रो संविधानसभा निर्वाचनमा राष्ट्रिय मधेस समाजवादी पार्टीको तर्फबाट संविधान सभा सदस्यमा उठेका सिंह पराजित भए ।

०७४ सालको स्थानीय निर्वाचनमा वीरगञ्जको मेयरको उम्मेदवार रहेका राजेशमानले १२ हजार १६५ मत ल्याएर तेस्रो भएका थिए । पछिल्ला दिनमा उनी लोकतान्त्रिक समाजवादी पार्टीमा सक्रिय थिए । एमालेमा जाने लगभग टुंगो भईसकेको थियो, तर एमालेले निवर्तमान नगर प्रमुखलाई पून: उम्मेदवार बनाउनेगरि अचानक पार्टी प्रवेश गरायो । त्यसपछि उनी असन्तुष्ट हुँदै मधेस आन्दोलनका सहयात्री प्रदिप यादवसँग मिल्न पुगे अर्थात उनी जसपामा प्रवेश गरे । सत्ता गठबन्धनले महानगर भागवण्डा लगाउँदा वीरगञ्ज जसपाको भागमा दियो । राजेशमा सिंह अहिले जसपाबाट गठबन्धनको उम्मेदवारको रुपमा घरदैलोमा व्यस्त छन् । उनीसँग स्थानीय तहको निर्वाचन र वीरगञ्जको विकासको सेरोफेरोमा रहेर कुराकानी गरेका छन् ।

**राजेश जी, एउटै जिम्मेवारीमा दोहोर्‍याएर उम्मेदवारी दिनुभएको छ । पुन: यो अवसर मैले नै पाउनुपर्छ भन्ने तपाईंलाई किन लाग्यो ?**

वीरगञ्ज मेरो जन्मभूमि पनि, वीरगञ्ज मेरो कर्मभूमि पनि । जुन हिसाबले ३०/३५ वर्ष पहिलेको वीरगञ्ज थियो । आजको अवस्थामा वीरगञ्ज कस्तो छ ? वीरगञ्जको पहिचान कहि न कहि गुमेको जस्तो मैले महशुस गरेको छु । जुन वीरगञ्ज हुनुपर्ने त्यो छैन । भन्नलाई त भनिन्छ, देशको आर्थिक राजधानी भनेर भनिन्छ, त्यसको अनुभूति वीरगञ्जबासीले गर्न पाएको छैनौ । भन्न त भनिन्छ, औधोगिक करिडोरको सहर भनिन्छ । तर यहाँका युवाहरुले रोजगारी पाउन सकेको छैन । कहि न कहि वीरगञ्जको पहिचान गुमेको छ । त्यो पहिचान कायम गराउनुपर्छ भन्ने मेरो मान्यता रहेको छ । विगतमा दिनमा पनि देख्यौं, निर्वाचित भएर आएका नगर प्रमुखले के के गरे के के गरेनन भनेर । हामीहरुको एउटा टिम छ, हाम्रो सोच एकदमै मिलेको छ । यो माटोका लागि, वीरगञ्जको माटोका लागि केहि न केहि गर्नुपर्छ । वीरगञ्ज बासीले अहिलेसम्म स्थानीय सरकारको महशुस गरेका छैनन् । हाम्रो टिमको एउटा भिजन छ । वीरगञ्जको पहिचान कसरी कायम गर्न सकिन्छ ? भनेर लागेका छौं । त्यो लागु गर्न सक्छौं, हामीहरु नै गर्न सक्छौं । त्यो क्षमता छ त हाम्रो टिममा नै छ । हामी विश्वस्त छौं । हामीहरु एउटा हौसाला र उर्जाको साथमा, एउटा जुनुनको साथमा वीरगञ्जलाई केहि गर्नुछ । हाम्रो वीरगञ्जलाई समृद्ध वीरगञ्ज बनाउनुछ भनेर संकल्प लिएका छौं, त्यो संकल्प पुरा हामीहरुबाट नै हुन्छ भनेर दोस्रो पटक पनि मेयरमा उम्मेदवारी दिएको छु । जबसम्म महानगरको मेयरको पदमा पुगिदैन, तबसम्म वीरगञ्जलाई समृद्ध बनाउन सकिदैन । वीरगञ्जको पहिचान कायम गर्न सकिदैन । त्यसअर्थ मेरो उम्मेदवारी रहेको छ ।

**तपाईले भनेको वीरगञ्जको पहिचान के के हो ?**

वीरगञ्ज आर्थिक नगरी भनेर भनिन्छ, खैत ? वीरगञ्जबासी समृद्ध, खैत ? वीरगञ्जका सडकहरु समृद्ध ? खै त वीरगञ्जमा पर्यटनका

बांकी तेश्रो पेजमा

## स्थानीय....

अझै चुस्त,दुरुस्त पारदर्शीता अझै राम्रोसँग जाओस भनेर काम गर्नुछ । जनताले पक्कै पत्याउँछन् किनभने जुन महागठबन्धन भनेर हल्ला गरिएको छ । त्यो महागठबन्धनको प्रत्यासी भन्दा मलाई लाग्छ म माथि नै रहन्छु जहिलेपनि हरेक तरिकाले । अहिले पनि त्यस्तै वेभ चलिरहेको छ वीरगञ्जमा । मलाई सबैले सोध्छन् पनि तपाईले जित्नुहुन्छ कि हुन्न ? तपाईको प्रतिश्पर्धा कोसँग हुन्छ ? म पटक(पटक यहि भन्छु जुन मान्छेलाई म हराईसको छु पहिला । अब मेरो प्रतिश्पर्धा कसैसँग छैन, एकल रुपमा नै मेरो जीत हुन्छ र म फेरि मेयरमा निर्वाचित हुन्छु । बन्छु ।

**साढे ४ वर्षमा तपाईले गरेको १० वटा राम्रो काम भन्न सक्नुहुन्छ ?**

एकदम भन्न सकिन्छ, यहाँ काम भनेको नाला र सडक बनाएकोलाई मात्रै भनिन्छ । करिब २ सय किलोमिटर सडकहरुको निर्माण गरेका छौं, जसमा पीच पनि छ, ढलान पनि छ, ग्रेभल बाटो पनि छ । अझै धेरै काम गर्न बाँकी छ । किनभने नयाँ बस्ती थुप्रै भईसकेका छन् ।

दोस्रो, उज्यालो वीरगञ्ज जुन अभियान चलायौं, त्यो सबैभन्दा सफल कार्यक्रम छ ।

तेस्रो नम्बर १ सय ७४ किलोमिटर नालाहरुको निर्माण गरिएको छ । सिभरेज लाईन स्थापना गरिएको छ । करिब ३७ सय ७४ घरधुरीलाई जोड्न सक्छौं । सिभरेज ट्रिटमेन्ट प्लान्ट चालु भएको छ । दैनिक ३ करोड लिटर पानी प्रसोधन गर्न सक्ने क्षमता छ ।

ल्याण्ड फिल साईट चालु गरेको एक वर्ष भईसकेको छ । त्यहिनिर ७ करोडको लागतमा अस्पतालजन्य वेष्ट म्यानेजमेन्ट सेन्टर स्थापना गरेका छौं । नयाँ बसपार्क सञ्चालनमा आईसकेको छ । थुप्रै खेल मैदान बनाएका छौं । चिल्ड्रेन पार्क उद्घाटन गरेउ, लायन्स क्लबसँगको सहकार्यमा सञ्चालन गर्न गईरहेका छौं । त्यस्तै जेष्ठ नागरिक पार्क स्थापना गरिसकेका छौं, जेष्ठ नागरिक संघलाई हस्तान्तरण गरिसकेको अवस्था छ । उहाँहरुले नै सञ्चालन गर्नुपर्छ ।

त्यसको साथसाथै शिक्षामा, समग्र सबै सामुदायिक स्कुलमा खानेपानी, सेनेटरी प्याड, ई(हाजिरी, सीसी क्यामेराहरु, स्मार्ट कक्षाका लागि काम गरेका छौं । शिक्षाको क्षेत्रमा ठूलो लगानी छ । वीरगञ्जमा खेलकुद मृतप्राय भईसकेको थियो । मेयर कपको माध्यमबाट र अन्य विभिन्न प्रतियोगितामा सहयोग गरेर वा गराएर हामीले खेलकुदको क्षेत्रमा धेरै ठूला विकास गरिसकेका छौं । स्वास्थ्यमा मलाई याद छ, जतिबेला हामी प्रवेश गरेका थियौं, त्यतिबेला स्वास्थ्य चौकीमा ब्लड प्रेसर नाप गर्ने साधन थिएन, अहिले स्वास्थ्य चौकीहरु ईक्युप भएका छन् । राम्रा भएका छन्, १२ सय नारायणी अस्पतालको ओपीडिमा जान्थे अहिले ६ सयमा झरको छ । साथसाथै गर्भवती र सुत्केरी महिलाका लागि पौष्टिक आहारको व्यवस्था हरेक वर्ष गरिराखेका छौं । जुन गर्भवति वा सुत्केरी महिला जचाउन स्वास्थ्य चौकीसम्म आउँछन् त्यति नै बेला नै त्यो समान दिने गरेका छौं । बच्चाहरु जुन कम तौलका छन् उनीहरुका लागि पौष्टिक आहार दिईरहेका छौं । थुप्रै रेड जोनका बच्चाहरुलाई ग्रीन जोनमा ल्याउन सफल भएका छौं । पूर्ण खोपयुक्त वीरगञ्ज घोषणा भएको छ । यो एउटा ठूलो उपलब्धी छ । अहिले हामीले साक्षर वीरगञ्ज पनि घोषणा गर्नुपर्ने थियो । तर चुनावका कारणले थाँती राखेका छौं, अब नयाँ टेन्युरमा गरौंला । यस्ता थुप्रै कामहरु महानगरपालिकाबाट भएको छ । अनगिनत छन्, त्यसका लागि हामीले बुकलेट नै तयार गरेका छौं, छिट्टै प्रकाशन गरेका छौं । त्यसबाट पनि जनताले पनि थाहा पाउँछन् ।

तपाईले म आएपछि गरेको विकास काम भनेर जुन भनिरहनुभएको छ । धेरै जसो विकासका काम त बसपार्क, ल्याण्डफिल साईट, सेभरेज लाईन, पानी प्रशोधन केन्द्र एशियाली विकास बैंक, विश्व बैंक, सघन सहरी लगायत संघ संस्था दातृ निकाय ले पहिलेदेखि नै सहयोग गर्दै आएको योजनाहरु हुन् ।

**अरुको मार्फत आएको योजना पुरा गरे मैले गरेको भनेर हिँडिरहनुभएको छ किन ?**

यो गलत कुरा हो, ती सबै योजनाहरुमा १६ प्रतिशत महानगरपालिकाको लगानी छ । त्यसको टेण्डर महानगरपालिकाले नै गरेको थियो । हामी आईसकेपछि ८४ करोड रुपैयाँ त्यसका लागि छुट्याउनु पऱ्यो । त्यो प्रोजेक्ट फ्रिमा पाएको भए तपाईले भनेको सही हुन्थ्यो । मुख्य सडकको विस्तार भईरहेको छ । वीरगञ्ज क्षेत्रमा पनि भएको छ । वीरगञ्जको मुख्य बजार क्षेत्र त बाँकी नै छ । त्यो नेपाल सरकारले नै बनाई राखेको छ । त्यसमा मैले कहिल्यै दावी गरेको छैन । त्यो टिआरपी रोड हो । पथलैयादेखि नै बन्दै आईरहेको छ । त्यस्ता रोडहरुमा पनि मर्मतको समस्याका कारण एकदमै अप्ठेरो छ । महानगरपालिकालाई नै सबैले गाली गरिरहेका छन् । सबै जनाले, जबकी जुन हाम्रो क्षेत्राधिकारमा पनि पर्दैन । अहिलेपनि मितेरीपुलदेखि लिएर गण्डक चोकसम्मको जुन बाटो छ त्यसको व्यवस्थापन गरिदिनुपर्ने सम्पूर्ण जिम्मेवारी संघ सरकारको छ । मैले सुनेको थिँए, बीचमा टेण्डर पनि भएको थियो । तर त्यो टेण्डर किन रोकियो, काम किन दिएन ? यो एकदम अर्थपूर्ण छ । सबैलाई थाहा छ, त्यो सडक धेरै भिड भएको र आवतजावतको सडक हो । सडक विभाग, सम्बन्धित मन्त्रालय, संघ सरकारका प्रतिनीधि सांसद हुन वा मुख्यमन्त्री त्यहि बाटोबाट आउँछन्, जान्छन् । तर आफ्नो कर्तव्यमा परेको बाटो सुधार्न कुनै काम गर्नुभएको छैन । हामीलाई दोष आईरहेको छ ।

**न बाटो फराकिलो गर्नुभयो ? न कालोपत्रे गर्न पहल नै गर्नुभयो ?**

बाटो फराकिलो गर्ने काम हाम्रो होईन, हाम्रो क्षमता भित्र पनि छैन । संघ सरकारले नै गर्नुपर्छ । मुआब्जाको माग गरेर सर्वोच्च अदालतमा मुद्धा छ, सबैलाई थाहा छ । फराकिलो लागि कुनै माग छैन, गर्ने कि नगर्ने ? फराकिलो गर्नुछ भने सर्वोच्च अदालत मार्फत उहाँहरुले मुआब्जाको माग गनुएभएको छ । त्यो मुआब्जाको निर्णय भईसकेपछि त्यो काम हुन्छ होला । ५७/५८ करोड रुपैयाँ नेपाल सरकारले टेण्डरका लागि छुट्याएर राखेको छ । सर्वोच्च अदालतले हेटौंडातिरका लागि निर्णय गरिसकेको छ । मुआब्जा दिएर मात्र सडक विस्तार गर्ने भनेर, अब यहाँ पनि दिने या नदिने विषय टुंगियो भने वीरगञ्ज महानगरले पहिलो नगर सभाबाट १५/१५ मिटर सडक फराकिलो गर्ने भनेर निर्णय गरेको थियो, त्यो अडान कायमै छ । त्यो भन्दा बढी गर्नुहुन्न भन्ने जिकिर छ ।

तत्कालिन संघीय समाजवादी फोरमबाट मधेस आन्दोलनको बलमा चुनाव जित्नुभयो, ती मधेसी जनतालाई धोका दिएर एमालेमा प्रवेश गर्नुभयो, तपाईलाई मधेसी जनताले किन विश्वास गर्ने ?

मधेसी जनतालाई मैले धोका दिएको छैन । म कुनैपनि पार्टीमा बसेपनि मधेसी जनताका लागि एडभोकेसी गर्ने, उनीहरुका लागि काम गर्न बाँकी रहँदैन । जब म यहि क्षेत्रको स्थानीय जनप्रतिनीधि भएर बस्छु भने मलाई लाग्दैन कि मधेसी जनताका पुरा नभएका माग पुरा गर्न सक्दैनौं । मयसमा ढुक्क छु । म साढे ४ वर्ष जुन पार्टीमा बसे, मसँग भएको दुर्व्यबहार मिडियामा पटक(पटक आईसकेको छ । म दोहोऱ्याउन चाहान्न । कुनैपनि मान्छे पार्टी सजिलै छोड्दैन, दुई दुई पटक मैले राजिनामा नै दिँए । यो मेरो ज्वलन्त उदाहरण हो । कोहि मान्छेपनि राजिनामा यसरी दिँदैन । कहि न कहि जुन पार्टी चलिरहेको छ यहाँ । त्यो पार्टीमा नेताहरु छन्, झोला ढुवाउने, पिछलग्गु बनाउने एउटा उनीहरुको बानी छ । त्यो बानीलाई मैले सम्बोधन गर्न सक्दैन । म जनताको मेयर चुनिएको थिँए, म जनताको काम गर्न आएको थिँए । मैले कुनै पार्टी विशेष वा पार्टी विशेषको व्यक्तिको काम गर्न आएको हैन । कुनै पार्टी गलत हुँदैन, पार्टीको सिद्धान्त लगायत सबै कुरा राम्रो हुन्छन् । तर पात्र गलत भयो भने राम्रो मान्छेहरु पार्टी छोडेर जान्छन् । अहिलेपनि तपाई हेर्नुहुन्छ भने काँग्रेसबाट पनि थुप्रै मान्छे पार्टी छोडिरहेका छन् । आउने जाने क्रम बढेको छ । हुन त चुनावमा यस्ता घटनाहरु धेरै हुन्छन् । त्यो भन्दा पनि बढी जहाँ आफ्ना मान्छेलाई पार्टीले राम्रोसँग राख्न सक्दैन, पार्टीमा जिम्मेवारी दिँदैनन भने पार्टीबाट मान्छे विचलन हुन्छन् ।

**अब एमाले पार्टीमा पनि तपाईलाई सहयोग भएन भने पार्टी परिवर्तन गर्नुहुन्छ ?**

हैन मलाई त्यस्तो लाग्दैन, नेकपा एमालेको पार्टी पंक्तीको अवस्था मैले धेरै वर्षदेखि हेरिरहेको छु । कमसेकम यो अवस्था छैन, यहाँ ऐक्यबद्धता छ । कमसेकम एमाले पार्टीका नेताहरुले गएर मिडियामा गएर बोल्ने, आफ्नै मेयरलाई असहयोग गर्ने काम गर्दैनन् । एउटा ठूलो पार्टी, संस्थागत पार्टी निति नियममा चल्ने पार्टी भएको हुनाले आफ्ना नेताहरुलाई बचाएर राख्छन होला भन्नेमा पूर्ण विश्वस्त छु ।

वीरगञ्जको मुख्य समस्या भनेको नाला खुल्ला छ । सबैतिर वीरगञ्ज फोहोर छ भन्ने सन्देश बाहिर गईरहेको छ । तपाईको अन्तर्वार्ता लिन आउँदा पनि फोहोरमा गाईबस्तु चरिरहेको दृश्य हेरर आयौं । नगरबासीले फोहोर कसरी फाल्नुपर्छ भन्ने पनि जानेका छैनन् ।

**साढे ४ वर्षमा यो एउटा समस्या पनि समाधान गर्न सक्नुभएन किन ?**

हामीले गरेका थियौं, ३६ हजार बकेट नगरबासीलाई वितरण गरेका थियौं । तपाईहरुले कुहिने र नकुहिने फोहोरलाई घरमै वर्गीकरण गरेर दिनुस भन्यौं । महानगरपालिकाको गाडी आएको समयमा हालिदिनुस भनेर भन्यौं । तर अधिकांश घरधुरीको समस्या के छ भने फोहोर बीच बाटोमा फालिदिने, खाली ठाउँमा (कम्पाउण्डमा) लगेर फालिदिने, निर्दिष्ट गरेको ठाउँमा नफालिदिने गर्छन् । अब यो समस्याको समाधान जरिवानाबाट मात्रै संभव छ । धेरै चेतना दिने प्रयास गऱ्यौं साढे ४ वर्षमा तर सफल भएनौं । फोहोर व्यवस्थापनको कुरा गर्दा जब बोर्डरमा आउने जाने गर्थ्यौं पहिला नाक थुनेर जाने आउने स्थिति थियो । किनभने बोर्डरमै सबै फोहोर लगेर फाल्ने गरिन्थ्यो, आज त्यो अवस्था छैन । अब ल्याण्ड फिल साईटमा लगेर फोहोरमैलाको व्यवस्थापन गरिरहेका छौं । कुहिने फोहोरलाई छुट्याएर कम्पोष्ट मल बनाईरहेका छौं, नकुहिनेलाई निकालेर सम्बन्धित कवाडीलाई बेच्ने गरेका छौं भने बचेको फोहोरलाई मात्रै ल्याण्ड फिल साईटमा व्यवस्थापन गरिरहेका छौं । फोहोर व्यवस्थापनको कुरालाई आउने दिनमा अझै प्रभावकारी बनाउन र जति नालाहरु छन्, तीनलाई ढाक्ने काम, जीर्ण नाला मर्मत गर्ने कामका लागि ४ सय करोडको योजना मैले संघ सरकारलाई दिईसकेको छु । त्यो योजना आईसकेपछि वीरगञ्जको मुख्य समस्या फोहोरमैलोका समस्या समाधान हुन्छ । सँगसँगै फोहोर नालामा फालेर पानी बग्नै नदिने अवस्था छ, त्यसलाई पनि नियन्त्रण गर्छु । यति गरिसकेपछि मलाई लाग्छ लामखुट्टेबाट पनि निजाद पाउँछौं कि भन्ने मैले विश्वास लिएको छु ।

**तपाईको पुरानो बाह्र सय करोडको सिर्सिया करिडोरको योजना त्यसै अलपत्र छ अर्को ४ सय करोडको योजना आईसक्यो । सिर्सिया नदी हेरेर तपाईको मन पोल्दैन ?**

मेरो मन धेरै पोल्छ, तर मलाई के लाग्छ भने वीरगञ्ज र मधेसको विकासमा संघ सरकारको मन पोलेन, हाम्रा नेताहरु मधेस आन्दोलनबाट स्थापित भएर गए उनीहरुको मन पोलेन । जुन बेला ईस्तियाक राईन मन्त्री बनेका थिए, त्यतिबेला लेखेर उहाँलाई दिएको थिँए, मुख्यमन्त्रीलाई पनि लेखेर दिएको थिँए । कमसेकम डिपीआर गराईदेउ, त्यो क्षमता भएको मान्छे हामीसँग छैन, १० औं करोड खर्च लाग्छ हामीसँग छैन । त्यसको साथमा जब सर्भे हुन्छ त्यसमा नदीको एउटा सीमानाको निर्धारण संघ सरकारले गरिदिनुपर्छ । पहिला जब सन २००५ को गुगल म्यापबाट स्याटेलाईटबाट नक्सा हेर्नुभयो भने १ सय ५० फिट नदी छ । अब अहिले हेर्दा ३०/४० फिटमा खुम्चीसकेको छ । हामी आउनु अघि नै अतिक्रमित भईसकेको छ, अतिक्रमण मात्रै हैन ती जग्गाहरु हालसाविक गरेर आफ्नो नाममा गरिसकेका छन् । हालसाविक भईसकेपछि महानगरपालिकाको केहि लाग्दैन । सन् २००५ मा फर्काउनका लागि अध्यादेश नै चाहिन्छ । नदीको सिमाना यो हो भनेर कायम गर्नुको साथै डिपिआर नेपाल सकारले गरिदियो भने बागमती करिडोर जस्तै सिर्सिया करिडोर बनाउन सकिन्छ । नेपाल सरकारलाई धेरै कुरा जानकारी गराईसकेको छु । यो पाली एशियाली डेभलपमेन्ट बैंकको सहयोगमा त्यो १२ सय करोडका योजना अघि बढ्छ कि भन्ने विश्वास मैले लिएको छु ।

**०७४ सालको निर्वाचनमा मेरो कसम ल्याउनुभयो, त्यो पुरा गर्न सक्नुभएन फेरि नयाँ प्रतिबद्धता लिएर जनताको माझमा जाँदै हुनुहुन्छ ? जनताले कसरी विश्वास गर्ने ?**

नयाँ प्रतिबद्धता लिएर आएको छु वा पुरानो 'मेरो कसम' छ । त्यो मेरो आफ्नो मात्रै हुँदैन । त्यो पार्टीले एउटा मुखपत्र जारी गरेको हुन्छ, त्यो अनुसार हामीले काम गर्नुपर्छ । यो मैले भनेर मात्रै हुँदैन, एमाले पार्टीले पनि बैशाख ९ गते देशभरी नै प्रतिबद्धता पत्र जारी गरेको छ । त्यसलाई नै फलो गर्ने हो, स्थानीय आवश्यकताको हिसाबले थपघट गर्न सक्छौं त्यो हामीले गरेका छौं । पहिला जुन प्रतिबद्धता पत्र आयो, केन्द्र र प्रदेश सरकारमा जब हाम्रै मान्छेहरु जितेर गएका थिँए, मन्त्री, मुख्यमन्त्री बनेर बस्नुभयो, उनीहरुले कहिल्यैपनि वीरगञ्ज महानगरपालिकालाई एक सुको पनि स्रोत दिन चाहेन । त्यहि भरतपुर महानगरपालिकामा हेर्नुहुन्छ भने १२ सय करोड रुपैयाँ थप लगानी गरेका छन् । यो त सिधा कुरा हो, स्रोत भएन भने कसरी व्यवस्थापन गर्ने ? त्यहिबीचमा कोभिड आईदियो, कोभिड नियन्त्रणमा वीरगञ्ज महानगरपालिकाले खेलेको भूमिका कसैसँग लुकेको छैन । पुरा देशभरले वीरगञ्ज मोडल अपनाएको छ । हाम्रो साढे १२ करोड रुपैयाँ मोबिलाईज भयो । जनताको सुरक्षा मेरो लागि ठूलो विकास हो, अरु विकास त पछि भईरहन्छन् । तर जनताको जिउ ज्यान नै जोगाउन सकिदैन भने त्यो विकासको अर्थ राख्दैन । यो ढगले उपलब्ध स्रोत साधनबाट मैले जति सके त्यति काम गरें । रिपोर्ट कार्ड बनाउने हो भने १०० प्रतिशत अंक ल्याएको छु । हो जनताका अपेक्षा र आकांक्षा धेरै ठूला थिए, २० वर्षपछि स्थानीय तहमा जनप्रतिनीधि आएका थिए । एकैचोटी जनताका सारा अपेक्षा र आकांक्षा पुरा गर्न सक्दैनौं, त्यसका लागि गुरुयोजना बनाउनुपर्छ । स्रोत खोज्नुपर्छ । हामी नगरपालिकामा प्रवेश गर्दा न डिपिआर थियो, न योजनाहरु थियो, न स्रोत थियो । ३६ करोड ऋणमा थियो । १७ करोड मात्रै हाम्रो आन्तरिक आम्दानी थियो । यी सबै सर्कमस्ट्यान्सेसहरुबीच तपाईले चाहेर पनि केहि गर्न सक्नुहुन्न । अब त मलाई यो कुरा थाहा भईसक्यो कि स्रोत कसरी कहाँबाट जुटाउने । अस्ती अध्यक्ष कमरेड केपी ओली वीरगञ्जमा आउँदा उहाँले पनि प्रतिबद्धता जाहेर गरेर जानुभएको छ । म वीरगञ्जमा यो यो व्यवस्थापन दिन्छु भनेर विकासका, हाम्रो सरकार बन्छ भने केपी शर्मा ओलीले त्यो वाचा पुरा गर्नुहुन्छ भन्ने विश्वास छ । महानगरपालिकाको स्वरुप दिनका लागि वीरगञ्जलाई कम्तीमा ४ हजार, ५ हजार करोड आवश्यक छ । महानगरपालिकाले एक्लैले व्यवस्थापन गर्न सक्दैन, गऱ्यो भने मुश्किलले २/३ सय करोड रुपैयाँ त्यो पनि पाँच वर्षमा गर्छ । यसको मतलब के हो भने हामीलाई हर हालतमा केन्द्र र प्रदेशको सपोर्ट चाहिन्छ ।

**तपाईले पहिल्यै स्मार्ट सिटिको सपना देखाएर चुनाव जित्नुभयो, पुरा गर्नुभएन, उहाँले पनि त्यहि सपना देखाएर जानुभएको त हो नी ?**

हैन त्यस्तो छैन, त्यतिबेला स्रोत दिएको भए धेरै स्मार्ट बनाउन सकिन्थ्यो । दुईवटा काम गरेका छौं, केहि वडाहरुमा अनलाईन सेवा शुरु गरिसकेका छौं । राजश्व बुझाउन, नक्सा पेश गर्नका लागि महानगरपालिका आउनु पर्दैन । साउन १ गतेदेखि सम्पूर्ण राजश्व र नक्साको काम वडा स्तरबाट हुन्छ । पहिलो कुरा ।

दोस्रो कुरा, वीरगञ्जमा स्मार्ट लाईट लागिसकेको छ । जसलाई हामीले आफैंले बाल्नु र निभाउनुपर्दैन । यसको अर्थ वीरगञ्जलाई स्मार्ट तर्फ लग्दैछौं । अब ट्राफिक लाईट व्यवस्थापन लगायत थुप्रै कुरा स्मार्ट गर्न तयारी गरिसकेका छौं । यो बजेटमा पनि व्यवस्था छ । चुनाव परेको हुनाले हाम्रा कर्मचारी साथीहरुले ती काम अघि बढाउन सकेका छैनन् । एउटा कुरा देखिएको छ कि कर्मचारी साथीहरुले तब काम गर्छन, जब जनप्रतिनीधि हुन्छन् । अब हामी फेरि चुनिएर गईसकेपछि ट्राफिक लाईटको काम छिट्टै शुरुवात हुन्छ ।

**पछि थापिएका १६ वटा ग्रामिण वडामा तपाईले के विकास गर्नुभयो ?**

थुप्रै काम भएको छ, सडक कनेक्सन राम्रो भएको छ । वडा नं २९ मा जान जीतपुर, मिलनचोक हुँदै जानुपर्दथ्यो । आज तपाई सिँधै जान सक्नुहुन्छ । चार वटा पुल बनाईदियौं, थुप्रै ढलानको काम भएका छन् । तर अझै पुग्दैन । किन ग्रामिण क्षेत्रमा पहिला केहि पनि थिएन । पाँच सालको दौरानमा थुप्रै काम भएको छ । त्यो गएर हेर्दा थाहा हुन्छ । म एउटा साना साना कामहरु गल्ली गल्लीको नाम लिन सक्दिन । विस्तृत रुपमा उपलब्धीको किताबमा राखेको छु । वास्तवमा मान्छेहरुको अपेक्षा अनुसार लगानी नै हुँदैन भने हामी चाहेर पनि धेरै गर्न सक्दैनौं । शिक्षा, स्वास्थ्य यस्ता विषयमा लगानी बढेको छ । खोपहरुको कुरामा लगानी बढेको छ । स्मार्ट लाईटहरु ३२ वटै वडामा लागेको छ । मान्छेहरु खुशी छन कमसेकम अध्याँरोमा बस्नु परेको छैन । केहि सडकहरु केन्द्रले बनाउँछु भनेर टेण्डर गरेको छ केहि प्रदेशले बनाउँछु भनेको छ । अब कसले के बनाउने भनेर समन्वय नहुँदा पनि हामी अलमलमा परेको छौं । अब आउने दिनमा तीन वटै सरकारले गर्ने योजनाहरु एकै ठाउँमा ल्याईदियो भने ठिक छ नाम सरकारको रहन्छ । यो काम यसले गर्ने, यो काम उसले गर्ने । एउटै योजना दुईवटा, तीन वटा सरकारले राखेको धेरै योजना मलाई थाहा छ । संविधानले समन्वय र सहकार्यमा तीनै तहको सरकार चल्छ भनेर परिकल्पना गरेको थियो । त्यो अहिलेसम्म चल्न सकेको छैन, सबै आ(आफ्नो डफली बजाईरहेका छन् । कार्यान्वयन गर्ने काम हाम्रो हो । यदि दुई तीन वटै सरकार मिलेर कार्यान्वयन पक्षमा गयो भने राम्रो हुन्छ । स्रोत साधन र पोलीसी उहाँहरुले जुटाईदिने हो, हामीहरु काम गराउन सक्छौं । मुख्य सडककै कुरा गर्छु म संघ र प्रदेश सरकारको जिम्मेवारीका सडक छन्, मर्मतको जिम्मा हामीलाई दिनुपर्छ । आवश्यक बजेटहरु हामीलाई दिनुपर्छ । शिक्षामा पनि त्यहि हो, शिक्षाको बजेट फिर्ता गयो भनेर हल्ला गर्छन साथीहरु, शिक्षाको जति बजेट आउँछ, हामीलाई सशर्त नदिएर प्रत्यक्ष सञ्चित कोषमा आयो भने शिक्षामा अझै राम्रो काम गर्न सक्छौं । उपलब्ध स्रोत साधनबाट बढी काम गर्न सक्छौं । अहिले शिक्षा र स्वास्थ्यमा बाध्यकारी अवस्थामा सशर्त अनुदान दिएर गाह्रो स्थितिमा पारिएको छ । अब आउने वर्षमा यी दुईवटै बजेट सञ्चित कोषमा दिने हो भने अझै राम्रो गर्न सकिन्छ । नेपाल सरकारबाट थप सहयोगको आवश्यकता पर्दैन ।

**भगवानले दिएको सबैकुरा मसँग छ म नगरपालिकाबाट केहि सुविधा लिन्न भनेर भन्नुभयो । तर डेढ करोडको गाडी चढेर हिँड्नुभयो । अझ भ्रष्टाचार गर्नुभयो र कमीशन पनि लिनुभयो भनेर आरोप छ नी ?**

हैन ठिक छ, त्यस्तो अरोप तपाईले नलिएपनि लागिरहन्छ । त्यसको प्रमाणीकरण कसैले गर्न सकेको छैन । मुखले मैले पनि भन्न सक्छु, फलानोले यति भ्रष्टाचार गरेको छ । अस्ती एउटा नेताले शिक्षक र सरसफाईकर्मी बाटै लिएको भनेका रहेछन् । शिक्षक पनि वीरगञ्जमै छन्, सफाईकर्मी पनि वीरगञ्जमै छन् । कसले कति कसलाई दिएको रहेछ । यो कुराहरु प्रमाणित हुन्छ । म विजय सरावगी गर्वका साथ भन्न सक्छु मलाई त्यसको आवश्यकता छैन । अब कुरा रह्यो सेवा र सुविधाको कुरा जुन छ, म मेयर बन्नासाथ मेयर कल्याणकारी कोष बनाएर तलब र भत्ता राखेको छु । जसबाट सबैलाई थाहा छ, बच्चाहरुको पढाई व्यवस्थापन, विवाहमा सहयोग, एकल महिलाको व्यवस्थापन, मोतियाविन्दुको शल्यक्रिया जस्ता समाजिक काम गरेको छु । गाडी लिनुपर्ने बाध्यकारी अवस्था मलाई सुविधाको हिसाबले आएको थियो । किन आएको थियो भने त्यतिबेला केहि अपराधिक घटना म माथि भएको थियो, बमहरु समेत राख्ने काम भएको थियो । गृह मन्त्रालयले नै तपाईले विभिन्न गाडी चढेर हुँदैन, सुरक्षाको खतरा हुन सक्छ, सरकारी गाडी मात्रै चढ्नुस भनेर निर्देशन दियो । गाडी किन्ने निर्णय हुँदा कार्यपालिका बैठकमा राष्ट्रपति, प्रधानमन्त्री वीरगञ्जमा आउँछन् । एउटा गतिलो गाडी पनि छैन, राम्रो गाडी किनौं भन्ने भयो । अब त्यो गाडी विजय सरावगीको सम्पत्ति पनि हैन । त्यो नगरपालिकाको सम्पत्ति हो । मैले राम्रो ढंगले राखेको छु, अहिलेपनि नयाँ गाडी जस्तै राखिएको छ । क्यापासिटी र क्वालिटी को कुरा हो । विजय सरावगीको घरमै पाँच वडा गाडी घरमा छ, चढ्ने मान्छे हामी चार जना छौं । एउटा गाडीको लोभमा गएको हैन । सुरक्षा निकायले सुरक्षाको चिन्ता गरेपछि गाडीको सुविधा लिएको थिँए ।

**०७४ मा काँग्रेसको उम्मेदवार भन्दा २२ सय मत बढी ल्याएर चुनाव जित्नुभयो । अब गठबन्धनबाट उम्मेदवारी दिएका**

“करमा प्राप्त छुटको फाईदा उठाई समयमै कर तिरौं, जरिवानाबाट बचौं” “बीरगञ्ज नगरलाई समृद्ध बनाऔं”

## जन्मभूमि.....

ल्यायो ।

पहिला त्यति चर्चा थिएन, एक्कासी तपाई मेयरको उम्मेदवार बनेर आउनुभएको छ । **पूर्व मेयर गोपाल गिरीको छोरा हुनुहुन्छ, त्यो बाहेक राजनीतिक योगदान के छ ?**

तपाईले पोलिटिकल आईडियालोजीको कुरा गर्नुभएको हो वा राजनीतिमा योगदा भनेको कुनैपनि पोलिटिकल पार्टीमा आवद्ध भएको िथिएन । यो जीवनको पहिलो राजनीतिक दल हो । राष्ट्रिय प्रजातन्त्र पार्टीबाट उम्मेदवारी दिएको छु । तर विद्यार्थी कालमा विद्यार्थी राजनीतिमा भने आवद्ध थिए । ठाकुरराम क्याम्पसमा पढ्दा २०४६ सालमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनको साधरण कार्यकर्ता भएको थिँए । ०४६ सालको जन आन्दोलनमा सक्रिय सहभागीता जनाएको थिँए । वि.स. ०४६ सालमा थोरै मानिसहरु मात्रै सडकमा उत्रेका थियौं, हामी त्यसमध्येमा म पनि एक जना थिए । वीरगञ्जबासीहरु यसबारेमा जानकार हुनु नै हुन्छ । ०६२/०६३ सालको आन्दोलनमा पनि मेरो भूमिका बारे काठमाण्डुका तमाम साथीहरु जानकार हुनुहुन्छ । यो लडाईको मात्रै कुरा गरिरहेको छैन । मधेस आन्दोलनको कुरा गरिन्छ । म यहाँहरुलाई स्मरण गराउन चाहान्छु, जति बेला मैले मधेसका मुद्धाहरु उठान गरेको थिँए, जतिबेला मधेसका विषयबस्तुका बारेमा लेखेको थिँए । मधेसका बारेमा चर्चा गर्न समेत मानिसहरु अप्ठेरो मान्थे । आज जेजति पत्रकार वा लेखकले मधेसको बारेमा लेखिरहनुभएको छ । उहाँहरुले लेख्न शुरुवात नगर्दै मैले मधेसका विषयमा लामो लामो लेख लेखेको थिँए । धेरै थ्रेट पाएको थिँए, कतिसम्म थ्रेट पाएको थिँए भने । आजको जस्तो इन्टरनेटको जमाना थिएन । त्यतिबेला फ्याक्सको चल्ती थियो । कान्तिपुर पब्लिकेसनको अफिसमा मलाई गाली गरेर आएको फ्याक्सले डब्बा डब्बा भरिएका थिए । बक्स फाईलहरु मलाई गाली गरिएको चिठ्ठीले भरिएको थियो । कान्तिपुरको फ्लोर सेक्रेटरी हुनुहुन्थ्यो, दाई तपाईलाई त खतरा हुन्छ कि के हो ? डरलाग्दोगरी फ्याक्स आईरहेको छ । किनभने उनीहरुले मलाई भारतीय दलाल होस, हिन्दी भाषाको वकालत गरिस, तैलें मधेसको वकालत गरिस भनेर आरोप लगाएका थिए ।

त्यो बेलामा मधेसको विषयमा बोल्ने कोहि थिएन । सबैभन्दा बढी गाली गरिएको समय म अझै सम्झन्छु । जतिबेला बद्री प्रसाद मण्डलले हिन्दी भाषामा बोले भनेर काठमाण्डौंको टुँडिखेलमा भाषण गर्दा गर्दै ढुंगाले हिर्काएर लखेटिएको थियो । त्यो बेलाको रेकर्ड हेर्नुस पुस्तकालयमा गएर हेर्न सकिन्छ । त्यतिबेला कुनै पत्रकारले समाचार समेत विरोध गरेर लेखेको थिएन् । त्यतिबेला कान्तिपुरमा सिंगो लेख लखेको थिँए, यहि रबैया हो भने मुलुक श्रीलंकातर्फ जान्छ । हामीले मधेसीको हक अधिकारलाई जुन किसिमले मिचेर आईरहेका छौं, यसले शुभ संकेत दिईरहेको छैन । भविष्य हाम्रो राम्रो छैन । मधेसको विषयमा संभवत मेरो पुस्तामा सबैभन्दा पहिला र बोल्डली कुरा उठाउने मान्छे म हुँ भन्ने बारेमा तपाईहरु आफैं जानकार हुनुहुन्छ । ती कुराहरु आजपनि पुस्तकालयमा गएर हेर्न सक्नुहुन्छ । किनभने आजको कुरा मैले गरिरहेको छैन, दशकौं अघिको कुराहरु गरिरहेको छु । जतिबेला अरु कसैले मधेसको विषयमा बोल्दैनथे, त्यो बेला मैले बोलेको छु, मैले आवाज उठाएको छु । पछिल्लो समयसम्म पनि मैले निरन्तरता दिँदै आएको छु । इमान्दारितापूर्वक मैले आफ्नो गाउँ ठाउँको कुरा राख्दै आएको छु ।

राजनीतिक व्यक्तिको रुपमा मेरो नयाँ जन्म भएको हो । ओपिनियनको कुरा गर्ने हो भने हुर्काईदेखि नै, विद्यार्थी जीवनदेखि नै कसरी आफ्नो विचार राख्दै आएको छु । कुन किसिमको विचार राख्दै आएको छु भन्ने कुरा त आम वीरगञ्जबासीको आगाडी छर्लंग नै छ । त्यसबाहेक मेरो ट्रयाक रेकर्ड अहिलेपनि इन्टरनेटमा गएर गुगल गरेर हेर्न सक्नुहुन्छ ।

अर्को पाटो स्थानीय तहको नेतृत्वको गर्नका लागि पोलिटिकल ओरियन्टेसन भन्दा पनि भिजन चाहिन्छ । त्यो भिजन मसँग छ । किनभने म दर्जनौं मुलुकहरु घुमेको छु । युरोप, अमेरिका, जापान, अष्ट्रेलिया, पूर्व एशियाली मुलुकहरु, दक्षिण पूर्वी एशियाली मुलुकमा बसेर अध्ययन नै गरेको छु । सिंगापुरमा त फेलोसिप पाएर पत्रकारीता अध्ययन गर्न गएको छु । कम्बोडिया, मलेशिया, गल्फ कन्ट्री, चाईना, बंगलादेश, युरोपको विभिन्न मुलुकमा डकुमेन्ट्री देखाउन भनेर गएको छु । विभिन्न प्रायोजनका लागि गँए हुँला, पत्रकारिताको कारणले गएँ, एउटा डकुमेन्ट्री मेकरको रुपमा गएँ, एउटा किताब लेखक भएर अथवा ती मुलुकका मन्त्रालयका निमन्त्रणामा स्वीकर गरेर गएँ हुला, तर म त्यहाँ जाँदा अनुभवहरु लिएर आँए । सम्मुनत सहर कस्तो हुँदा रहेछ, आधुनिक सहर कस्तो हुँदो रहेछ । जहिलेपनि देख्दा म आफू जन्मेको ठाउँ पनि यसैगरि सिँगार्न पाँए हुन्थ्यो भन्ने लाग्थ्यो । ठिक छ पाँच वर्षको कार्यकालमा संभव नहोला, कार्यकालमा नसकेपनि पूर्वाधार त उभ्याएर जान सक्छु । भन्ने हुटहुटीले वीरगञ्जको मेयरको उम्मेदवारको रुपमा आफूलाई उभ्याएको छु ।

**वीरगञ्जको विकासका लागि तपाईको तीन प्राथमिकता के के छन ?**

एकदमै खुशी लागेको कुरा के छ भने शिक्षा र स्वास्थ्य महानगरपालिकाको कार्य क्षेत्रभित्र आईराखेको छ । मलाई सबैभन्दा बढी चिन्ता लागिरहेको विषय पनि शिक्षा र स्वास्थ्य नै हो । मान्छे सबैभन्दा पहिला स्वस्थ हुन जरुरी छ । अर्को कुरा प्रत्येक नागरिकका केटाकेटीले प्रतिश्पर्धी भविष्यका लागि उचित शिक्षा दिक्षाको अवसर पाउन जरुरी छ । एकदमै बेसिक चिज हो । सरसफाईका कुराहरु छन् । असल मेयरको चित्र कस्तो हुनुपर्छ, एउटा हातमा झाडु समातको हुनुपर्छ, अर्को हातले बाँसुरी बोकेको हुनुपर्छ । सहरलाई सफा चिटिक्क राख्नुस, दुर्गन्ध रहित राख्नुस, राम्रो अक्सिजन प्राप्त हुनेगरि हराभरा होस । झाडु लगाईराख्नुस, अर्को हातमा बाँसुरी बोक्नुस, त्यो बाँसुरी बजाएर इन्टरटेन गरिराख्नुस । मन्त्रमुग्ध पारीराख्नुस । एउटा मेयरले गर्न सक्ने सर्वोत्तम काम त्यो हो । म यस्ता कुरा तर्फ आफूलाई लगाउँछु ।

**मेयरले आफैं झाडु लिएर सफा गरेर साध्य हुन्छ त ?**

म त के भन्छु भने आज पहिलोपटक भन्दैछु । यहाँ फोहोर भो फोहोर भो भनेर कुरा आईरहेको छ । वीरगञ्जको सबैभन्दा फोहोर सार्वजनिक शौचालय कुन छ ? त्यो सार्वजनिक शौचालयमा जति मेयरका उम्मेदवारहरु छौं, एक एक वटा शौचालय जिम्मा लगाऔं । कसले राम्रसँग शौचालय सफा गर्न सक्दो रहेछ । सबै जनतालाई आगाडी उभ्याउँ । म आव्हान गर्न चाहान्छु । सबै मेयरका क्यान्डीडेडले जनताको अगाडी सार्वजनिक शौचालय सफा गरेर देखाउँ । जसले सबैभन्दा राम्रोसँग शार्वजनिक शौचालय सफा गरेर देखाउन सक्छ । त्यसैलाई मेयर दिनुस । मेयर भनेको ठूला कुरा गरेर हिँड्ने पद हैन । मेयर भनेको काम गरेर, डेलिभरी गरेर देखाउने पद हो । फोहोर भनेको के हो ? शौचालय भनेको के हो ? गु र मुतको बारेमा आफ्नो दृष्टिकोण प्रष्ट पार्नुपर्छ । त्यो भनेको सफा गर्नुपर्ने चिज हो । तपाईले राम्रो सार्वजनिक शौचालय दिनुहुन्न भने मानिसहरुले के गर्छ, निसास्सिने ठाउँ हुन्छ । उसले सडकमा गएर पिसाब गर्छ । जहाँपनि सडकमा पिसाब गरेको देखिन्छ । यस्तो पनि महानगर हुन्छ ? बाहिरबाट आएका मानिसहरुले के धारणा र दृष्टिकोण बनाउँछन हाम्रो बारेमा । त्यसकारण मेयरको कुर्सीमा जानु अघि हामीलाई दिईयोस हार्पिक र स्पन्ज दिईयोस, सबैभन्दा फोहोर सार्वजनिक शौचालय जुन छ, मेयरको क्यान्डिडेटहहरुलाई सफा गरेर देखाउन भनियोस । म वीरगञ्जवासीलाई आव्हान गर्छु । त्यो प्रतिश्पर्धामा उत्रिन म एकदमै तयार छु । किनभने तपाई जबसम्म त्यो लेभलमा आफूलाई पुऱ्याउनुहुन्न नी सफा वीरगञ्ज दिन्छु भनेर प्रतिबद्धता गर्न सक्नुहुन्न ।

तीन वटा प्राथमिकताका विषय भनेको शिक्षा, स्वास्थ्य र सरसफाई हुन भनेर भन्न खोज्नुभएको हो ?

बुँदामा भनेर हुने हैन, काम गर्ने भनेको भिजनको कुरा हो । तपाईको सोचाईको उडान कता छ । अबको दिनमा कुनैपनि सहरको विकास त्यो सहर भित्रको आन्तरिक स्रोत र आन्तरिक सोचले मात्रै हुन्छ । आज हामी कहाँ बसेर सोचीरहेका छौं । गिरीश वीरगञ्जको मान्छे त हो तर चुनावको बेलामा लेट आयो । लेट आयो, चाँडो आयो भन्ने कुरा हैन नी । कुरा के हो भन्दाखेरि म के मा इन्भल्भ छु । जुनसुकै ठाउँमा बसेपनि वीरगञ्जलाई छातीमा राखेर बाँचेको छु कि छैन ? अर्को कुरा के हो भने अबको वीरगञ्ज भनेको, महानगर भनेको कन्साइन्ड एरिया भित्रको सोचले मात्रै अगाडि बढ्दैन । अबको वीरगञ्ज भनेको ग्लोबल वीरगञ्ज हो, संसारभित्रको एउटा महानगर हो । विश्व दृष्टिकोण राखेर ग्लोबल सिटिजन बन्न सक्नुपर्छ । महानगरका बासिन्दा भनेको ग्लोबल सिटिजन हुन सक्नुपर्छ । ग्लोबल सिटिजनले सोच्न सक्ने दृष्टिकोण छ । हाम्रा आवश्यकताहरु खाली सहर भित्र, देशभित्रको उपलब्धताले मात्रै पुरा हुन सक्दैन । हामीले नयाँ प्रविधिहरु के आईरहेको छ, नयाँ कुरा के भईरहेको छ । नयाँ विचारहरु कहाँ जन्मिरहेको छ । त्यो विचारसँग वीरगञ्जमा भर्खर जन्मन खोजेको नयाँ विचारलाई कसरी जोड्न सकिन्छ ? यसरी महानगरको विकास हुने हो नी । वीरगञ्ज क्षेत्रभित्र मात्रै त्यसलाई सिमित राख्नुभयो भने हाम्रो त्यो चुनौति जुन छ वीरगञ्जलाई अघि बढाउनुपर्ने, संसारकै एउटा सम्मुनत महानगरको रुपमा अघि बढाउनुपर्ने, त्यो बोर्डर भिजन भएन भने, विश्वको समझ भएन भने त्यो मान्छेले त्यो चुनौतिलाई सामना गर्न सक्छ जस्तो लाग्दैन । यो भिजनको कुरा हो, त्यो भिजनसँग सबै कुरा अटाउँछ ।

**तपाई जितेर जानुभयो भने, पाँच वर्ष पछि वीरगञ्जवासीले देख्न पाउने तीन वटा परिवर्तन के हो ?**

सबैभन्दा ठूलो कुरा हेर्नुस सुरेश जी, तपाई काठमाण्डुतर्फ जानुहुन्छ कि ? तपाई पटनातर्फ जानुहुन्छ कि विराटनगर तर्फ जानुहुन्छ कि नेपालगञ्जतर्फ जानुहुन्छ कहाँ पुग्नुहुन्छ भन्ने कुरा ठूलो हैन । तपाईले आफ्नो पहिलो पाईला काठमाण्डौं भएको दिशातर्फ चाल्नुहुन्छ कि विराटनगर भएको दिशातर्फ चाल्नुहिन्छ कि ? तपाईको पहिलो पाईला पटना भएको दिशातर्फ चाल्नुहुन्छ कि नेपालगञ्ज भएको दिशातर्फ चाल्नुहुन्छ ? त्यसले महत्व राख्छ । किनभने तपाईले पाईला चलाएर अघि बढाएपछि तपाईपछि आउने पुस्ताले पनि अघि बढाउन बाध्य छ । मैले वीरगञ्जलाई कहाँ पुऱ्याउँछु भन्ने कुरा मेरो चुनौती हो, मेरो सपना हो । त्यो म गरेर देखाउँछु । कति गर्न सक्छु आफ्नो ठाउँको कुरा हो । वीरगञ्जलाई कुन दिशा तर्फ लैजान्छु भन्ने महत्वपूर्ण कुरा हो । म वीरगञ्जलाई अत्यन्त आधुनिक, समृद्ध र महानगर, एउटा महानगरले जुन व्यापकता ओगट्छ । त्यसको समुचित दिशा कुन हो । त्यो दिशातर्फ लैजान्छु । यात्रा भनेको पहिलो पाईलाबाट शुरु हुन्छ । त्यो पाईला कुन दिशातर्फ चाल्नुहुन्छ । त्यो महत्वपूर्ण हो ।

**त्यसका लागि स्रोत साधन चाहिन्छ, वीरगञ्जमा प्रयाप्त स्रोत साधन छ त ?**

म त नगरपालिका भित्र त गएको छैन, मसँग हुटहुटी छ । स्रोत साधन धेरै कुरा भयो भने तत्कालै बनाउन सकुँला, सिमित स्रोत साधन नै भएपनि मेरो पाईला कुन दिशातिर अघि बढ्छ, भन्ने मुख्य कुरा हो । म अहिले बीचमा उभिएको छु वीरगञ्जमा । कतिपयले पाईला चालिसक्नुभएको छ । त्यो पाईला ठिक हो कि बेठिक भन्ने आदरणीय नगरबासीलाई राम्रोसँग जानकारी छ । मलाई त के लाग्छ भने घरी यतातिर पाईला चाल्या छ, घरी उतातिर पाईला चाल्या छ । घरी रन्थनिएर त्यहि बसेको छ । यसले गर्दाखेरि हामी कहिँ नगएर एउटै सेरोफेरोमा हामी रुमल्लिएका छौं । मेरो स्पष्ट दृष्टिकोण सहित दिशा तर्फ पाईला अघि बढाउँछु । कतातिर जाने त हामी ? हामीलाई काठमाण्डुतर्फ जानु छ कि, विराटनगर तर्फ जानु छ कि, हामीलाई नेपालगञ्ज जानु छ कि पटना जानुछ ? म यो दिशा दिन्छु । उसको गन्तव्यतर्फ स्पष्ट खाका सहित अगाडी बढाउँछु । पाँच वर्षमा मैले के गर्न सक्छु ? म सक्दो त पाँच वर्ष भित्रै गर्छु, किनकी मेरो बुवाले ३ महिनामा गरेर देखाउनुभएको थियो । म त त्यो परिवारको मान्छे हुँ, त्यो बाउको छोरा हो । आजपनि उहाँलाई वीरगञ्जले त्यहि हिसाबले सम्झन्छ ।

**स्व. गोपाल गिरीले तीन महिनामा के के गर्नुभएको थियो त ?**

मेरो बुवाले गर्नुभएको काम मध्ये सबैभन्दा ठूलो कामको उदाहरण त मेरै आँखाको अगाडि छ । (विपी उद्यान तर्फ देखाउँदै ) विपी उद्यानको जग्गा, वि.स. २०५० सालसम्म पनि यातायात संस्थानको ट्रक र कन्टेनर राख्ने ठाउँ थियो, कोईला र जिप्सम थुपारिएको थियो । बुवाले विरोध प्रदर्शन गर्नुभयो २०५० सालमा, मेरो बुवा र मलाई लठ्ठीले हानेर टाउको फोडिदिएका थिए, हामी अस्पतालमा भर्ना भएका थियौं । त्यहाँबाट मेरो बुवाले संकल्प गर्नुभयो कि वीरगञ्ज सहरको बीचमा यस्तो महत्वपूर्ण जग्गा छ । यसलाई कुनैपनि हालतले वीरगञ्जवासीका निम्ति बगैचा बनाएर छोड्छु भनेर भन्नुभयो । त्यसपछि यो क्रम शुरु भयो । वीरगञ्ज उपमहानगरपालिकाको प्रमुख उप प्रमुख लगायत अधिकांश नेपाली काँग्रेसको हुनुहुन्थ्यो । त्यसकारण मुलुकको प्रजातान्त्रिक आन्दोलनमा ठूलो योगदान दिनुभएको विश्वेश्वर प्रसाद कोईरालाको नाममा एउटा उद्यान बन्नुपर्छ भन्ने कुरा अगाडि बढ्यो । दुई किस्तामा तत्कालिन मेयर माधवलाल श्रेष्ठ र बिमल श्रीवास्तवले ५/५ करोड गरेर दुई किस्तामा १० करोड रुपैयाँ पैसा पनि तिर्नुभयो । तर यो जमिनलाई वीरगञ्ज उपमहानगरपपालिकाको बनाउन सक्नुभएन । जनताको करको पैसा गएर अड्कियो । तर के छ भने जब बुवा वि.स.२०६० सालमा मेयर भएर आउनुभयो । उहाँले दिनरात यसमा लागेर काम गर्नुभयो, आन्दोलन समेत गर्नुभयो । त्यसको तस्वीर पनि मसँग छ । बेला बलामा आईराख्छ त्यो पछाडि विपी उद्यान लेखेको ठाउँमा मेरो बुवाले बोल्नुभएको फोटो । आन्दोलन गर्नुभयो, जुलुस गर्नुभयो, काठमाण्डुमा लबिङ गर्नुभयो । अनेक उपाय लगाएपछि बल्लतल्ल वि.स २०६० साल पुसको अन्तिम सातातिर यो जग्गा क्याबिनेटले वीरगञ्ज उपमहानगरपालिकालाई दिने निर्णय गऱ्यो । बुवा मेयर हुनुहुन्थ्यो, बोर्डको पहिलो बैठक नै यहि जग्गामा राख्नुभएको थियो । वीरगञ्जबासीलाई यो जानकारी छ । १८ वर्ष पहिलो त्यसरी मेरो बुवाले वीरगञ्ज उपमहानगरपालिकको सम्पत्ति बनाउनुभएको जग्गा आज कुन अवस्थामा छ । तपाई देख्न सक्नुहुन्छ । सम्पूर्ण वीरगञ्जबासीले देखिरहनुभएको छ । छड हालेर ढलान गरिदिनुभयो । यो जस्तो ठूलो अन्याय केहिपनि हुन सक्दैनथ्यो । जमिन र प्रकृतिसँगको सम्बन्ध विस्तापित गर्छ । यस्तो फाराकिलो क्षेत्रमा ग्राउण्ड वाटर रिचार्जिङ गर्न नपाउने स्थिति छ । पार्क बनाउन त सक्नुभएन सक्नुभएन कमसेकम माटोलाई त प्रकृतिसँगको सम्बन्ध विस्थापित गर्न नहुने नी । पार्क बनाउने काम त केहि हुँदै भएन । मेरो बुवाको सबै काम अधुरो भयो । घण्टाघरदेखि उत्तरतर्फ चार लेन सडक कस्को देन हो ? वीरगञ्जबासीसँग म प्रश्न गर्न चाहान्छु । रेलको पटरी माथि बनेको दुई लेन बनेको हो । उताको दुई लेन मात्रै बाटो थियो । २०६० सालभन्दा पहिले सिर्फ दुई लेनको मात्रै बाटो थियो । सिर्फ ३ महिनामा मात्रै गर्नुभएको काम हेर्नुस है फेरि । एउटा मनोनित मेयर हुँदा हुँदै पनि, त्यत्रो दवावमा, ज्यानको खतरा, चन्दा मागेको छ । घरी के गरेको छ । सकसको बीचमा थुप्रै काम गर्नुभयो । शिक्षको क्षेत्रमा १० कक्षासम्म नि:शुल्क गराउँछु, स्वास्थ्यको क्षेत्रमा सरकारी अस्पतालमा निशुल्क ओपीडी निशुल्क गराउँछु भनेर गर्नुभएको काम कसैले पनि त्यसलाई सही ढंगले निरन्तरता दिन सकेनन् । मेरो बुवाले के गर्नुभयो भनेर त मैले भनिरहनु नै पर्दैन वीरगञ्जबासी आफैं जानकार हुनुहुन्छ । उहाँको भिजनलाई कसैले अगाडि बढाउन सकेनन् । मेरो बुवाले जुन भिजन राख्नुभएको थियो । त्यो भिजन नै अहिले वीरगञ्जका लागि आफैंमा प्रयाप्त छ ।

आज वीरगञ्जलाई औद्योगिक व्यापारिक नगरी भनिएको छ । तर यहाँ एउटा प्रदर्शनी स्थल समेत छैन । यहाँको औद्योगिक उत्पादनलाई देखाउन एउटा राम्रो प्रदर्शनीस्थल बनाउनुभएन भने हाम्रो लोकल प्रडक्टले कसरी बजारसम्म पहुँच बढाउन सक्छ ? महानगरपालिकाले गरिदिनुपर्ने हो नी । आज उद्योगपति व्यापारीहरुका लागि नगरपालिकाले राम्रो हेल्प डेस्क बनाईदिन सक्छ । अझ आवश्यक पऱ्यो भने काठमाण्डुमा बरिष्ठ अधिवक्तालाई राखेर हेल्प डेस्क बनाईदिन सक्छ । जसले वीरगञ्जमा लगानी गर्न चाहानेहरुको निम्ती सहजता प्रदान गर्छ । हामीले खाली कर लिने मात्रै हैन नी, उहाँहरुलाई सेवा पनि दिने हो । तपाई पहिले मज्जाले घाँस खुवाएर गाईलाई मोटोघाटो बनाउनुभयो भने अनि न तपाईले दुध लिन सक्नुहुन्छ । खाली दुध दुहुनुभयो भने गाई नै मरिहाल्छ । औद्योगिक व्यापरिक सहर हो भने उनीहरुको समृद्धिको बारेमा सोच्नुस । एउटा एउटा कुरा भन्नु भन्दा पनि यो भिजनको कुरा हो । म भिजन बोकेर अघि बढ्न चाहान्छु । **तपाई आवद्ध पार्टीका सदस्यले तपाईलाई किन भोट दिने ?**

मत पार्टीको सदस्य भन्दा पनि वीरगञ्जबासीसँग भोट माग्न आएको छु ।

त्यसो भए स्वतन्त्र उम्मेदवारी दिएको भए हुन्थ्यो किन दिनु भएन त ?

पार्टीको टिकट लिएर चुनाव लड्न आउँदा त ढिलो आईस भनिरहनुभएको छ । स्वतन्त्र हुँदा त मैले परिचय गर्ने मौका समेत नपाउने रहेछु । कमसेकम पार्टीको सानै भएपनि सुकिसकेको भएपनि संगठन त छ नि हैन । म आएर जोडिएपछि संगठन मार्फत हात खुट्टा तन्काउने मौका पाँए । स्वतन्त्र भईदिएको भए मेरो हबिगत के हुन्थ्यो होला ।

पार्टी भन्दा बाहिरको मान्छेले तपाईलाई किन भोट दिने ?

हो मैले लार्जर वीरगञ्जबासीबाट भोट मागिराखेको हो । पार्टीले त मलाई सहयोग गर्छ नै गर्छ । म त उसको उम्मेदवार हुँ । यो पार्टीमा अचानक आएको पनि हैन । टुप्लुक्क टुपुलिएको हैन । यहाँ एक सातामा तीन वटा पार्टी परिवर्तन गर्ने मानिसहरु पनि छन् । मैले त के गरेको छु, मेरो पिता पुर्खाहरु जुन पार्टीमा संलग्न हुनुहुन्थ्यो । जुन चुनाव चिन्ह लिएर लड्नुभएको थियो, म त्यहि चुनाव चिन्ह लिएर लडिरहेको छु । त्यहि पार्टीबाट छु । गोपाल गिरीलाई आज राष्ट्रिय प्रजातन्त्र पार्टीले सहिद भन्छ । पार्टीले सहिद मानेको मानिस हो । पार्टीका मान्छेले भोट दिन्छन कि दिँदैनन भन्ने प्रश्नको औचित्य नै छैन । म त सम्पूर्ण वीरगञ्जवासीको भोट पाउन आफू योग्य छु भनेर आएको छु ।

तपाईको पार्टी त राजावादी छ, मुलुकमा संघीय गणतन्त्र छ । गणतन्त्रको फाईदा लिन भनेर तपाई आउनुभएको छ तालमेल मिलेन नी ?

हैन हैन तपाईको यो कुरा मिलेन । वीरगञ्ज महानगरपालिकाको चुनावलाई राजतन्त्र, संघीयतासँग लिनुदिनु छैन । मैले अघि नै एउटा हातमा बाँसुरी र एउटा हातमा झाडु लिएर खडा हुन चाहान्छु ।

झाडु लगाउने काम त महानगरको सरसफाईकर्मीको हो नी गिरीश जी । महानगरमा त्यसका लागि झण्डै एक हजार सरसफाईकर्मी छन् ।

सरसफाईकर्मीलाई जानकारी दिनुपऱ्यो नि कि पहिला म तिम्रै मान्छे हुँ । मेरो बुवाले कसरी काम शुरु गर्नुभएको थियो । सबैभन्दा पहिले डोम बस्तीमा गएर मेस्तरहरुसँग बसेर ल तिमीहरु पकाउ खाना मसँगै बसेर खान्छु भनेर खाएर काम शुरु गर्नुभयो । वीरगञ्जको ईतिहास हेर्नुस । उहाँले नगरपालिकाको मेयरको कामको पहिलो दिनको सुरुवात नै सरसफाईकर्मीहरुसँगै बसेर भोज खाएर गर्नुभएको थियो । सहर भनेको तिनीहरुले बनाउने हो, तिनीहरुले सफा राख्ने हो । तिनीहरुलाई जबसम्म अपनत्व महशुस गराउनुहुन्न । जबसम्म एउटा हातमा स्पन्ज र हर्पिक लिएर आफैं ट्वाईलेट सफा गर्न जानुहुन्न त्यो मेस्तरले त्यो सरसफाईकर्मीले कुन मनले काम गर्छ । त्यसकारणले गर्दा यु हाभ टु लेट देम नो यु आर वान अफ देम । सबैभन्दा पहिले त्यो चिज तपाईले आश्वस्त गराउनुपर्छ । अनि त्यसपछि बल्ल एउटा फरक पाउनुपर्छ । उनीहरुको काम गराईमा । उनीहरुलाई तलब दिएर मात्रै काम हुन्न । मेस्तरहरुसँग सरसफाईकर्मीसँग मिलेर म सार्वजनिक शौचालयहरु यस्तरी सफा बनाउँछु । मानिसहरु लाजैले पनि सडकको छेउमा पिसाब गर्दैन ।

**गिरीश जी वीरगञ्जमा प्रयाप्त सार्वजनिक शौचालय नै छैन के सफा गर्नुहुन्छ ?**

मेरो बुवाको सबैभन्दा ठूलो सपना भनेको सार्वजनिक शौचालय हो । भारतको शुलभ शौचालयका मानिसहरु हाम्रो घरमा आईरहन्थे । त्यो बेलामा शुलभ शौचालयसँग मिलेर सार्वजनिक शौचालय विस्तार गर्ने भने थुप्रै तयारी गर्नुभएको थियो । घण्टाघरदेखि बसपार्क जाने बाटोको दक्षिणतर्फ एउटा ठूलो विल्डिङ देख्नुहुन्छ । त्यो पहिले गुप्तचर विभागको कार्यालय थियो । बुवाले के भन्नुभयो भने हजुरहरु जस्तो मान्छे, गुप्तचरको काम त गुप्त ठाउँमा हुनुपर्ने

## मजदुरी.....

लागि गहवामाई हुनुहुन्छ, बिन्दवासिनी माई, भुटनदेवी माई हुनुहुन्छ खै कहाँ के भएको छ ? वीरगञ्जलाई लामखुट्टेको सहर भनेर भनिन्छ। खै त वीरगञ्जका युवाले रोजगारी पाएको त ? खै त सर्वसुलभ तरिकाले सरसफाई भएको ? यो सब विषय भयो भने वीरगञ्जको आफ्नो मौलिकता हुन्छ, आफ्नो अलग्गै पहिचान हुन्छ ।

शिक्षाको कुरा गर्नुहुन्छ भने ३०/३५ वर्ष पहिले शिक्षाको हब वीरगञ्ज थियो । बाहिरका मानिसहरु यहाँ अध्ययन गर्न आउँथे । त्यो कहाँ छ त आज ? हरेक वर्गमा शिक्षा पुगोस सर्वसुलभ तरिकाले । त्यो छैन, शिक्षालाई अघि बढाउनुछ। स्वास्थ्यका क्षेत्रमा हेर्नु, पाँच वर्ष पहिला कै कुरा गरौं, रौतहट लगायत पूर्वका जिल्लाबाट वीरगञ्जमा उपचार गराउन आउँथे । आज सर्वसुलभ तरिकाले वीरगञ्जले सबैलाई उपचार गर्न सकेको छ त ? यहाँको गरिब, मध्यम वर्गीय तप्काले नारायणी अस्पतालबाट सर्वसुलभ तरिकाले उपचार लिन पाएको छ त ? यो सब काम गऱ्यो भने वीरगञ्जको पहिचान आफैं कायम हुन्छ । भन्ने हाम्रो मान्यता रहेको छ। कृषिको कुरा गरौं, कृषिमा दलाली प्रथा त्यस्तै छ। त्यत्रो तरकारी हब छ वीरगञ्जमा ।

**तपाईले भनिरहेको त सबै बिग्रेको पहिचान हैन र ?**

यो सबमा सुधार गर्नुपऱ्यो । त्यसपछि वीरगञ्जको पहिचान आफैं कायम हुन्छ । बिग्रेकै कुरालाई त हामीले बनाउँछौं, सपार्छौं भनेर संकल्प लिएका छौं। जुन कुरा बिग्रेको छ। जुन कुरा जनताले पाउन सकेको छैन, त्यो अधिकार, सुविधा जनतालाई दिन्छौं ।

**कहिले कुन दल, कहिले कुन दलमा जानुहुन्छ ? राजनीतिमा सिद्धान्त पनि हुन्छ, अवसरका लागि जहिलेपनि दल बदल्नु ठिक हो त ?**

मैले २०४३ सालमा राजनीतिक यात्रा नेवि संघबाट शुरु गरें। त्यसपछि मैले २०५४ मा नेपाली काँग्रेसबाट वडा सदस्य जितेर क्रमिक रुपमा आएको छु । पछि म मधेसी दलमा लागे र निरन्तर मधेसी दलमै लागेको छु । त्यसलाई त्यागेको छैन। तपाईलाई के स्पष्ट पार्न चाहान्छु भने म राष्ट्रिय मधेस समाजवादी पार्टीमा लागे, त्यो पार्टी मर्ज भएर राष्ट्रिय जनता पार्टी नेपाल बन्यो ।

त्यो संघीय समाजवादी फोरमसँग मर्ज भएर जनता समाजवादी पार्टी बन्यो । पछि जनता समाजवादी पार्टीबाट फेरि फुटेर म जुन नेताका साथमा थिए लोकतान्त्रिक समाजवादी पार्टी नेपाल बन्यो । लोसपामा केहि कुरा चित्त नबुझेर म पून: जनता समाजवादी पार्टीमा आएँ, यसलाई तपाईले दल बदलेको कहाँ देख्नुभयो ? तपाई त अर्को दलमा जान चाहानुभएको थियो नि त ?

एउटा कुरा के स्पष्ट गर्नुस भने, म अर्को दलमा जाने कुरा बनाएको थिँए, सही कुरा हो। मैले भनेको पनि थिँए। तर के छ भने जसले दुकानदारी गरेर बसिरहेका छन्। जुन पुरानो दलमा दुकानदारी चलाएर बसेका जस्तै व्यक्ति त्यो दलमा पनि हावी देखियो । मेरो एउटै लक्ष्य के छ भने मेरो वीरगञ्ज कसरी समृद्ध हुन्छ ?

मेरा वीरगञ्जवासीले कसरी सर्वसुलभ तरिकाले सबै सेवा सुविधा पाउँछन् ? जुन पाउन सक्ने सुविधाहरु । वीरगञ्जको पहिचान कसरी कायम गराउन सकिन्छ। यसका लागि म कुनै हदसम्म पनि जान सक्छु। व्यक्तिगत फाइदाका लागि हैन, मैले ३ दशक भन्दा बढी समय राजनीतिमा बिताएको छु। मैले चाहेको भए कुनै पदमा मनोनित भएर कतै जान सक्थे होला। म आफ्नो सफाई दिन चाहान्न । मेरा वीरगञ्जबासीले राम्रोसँग जाने बुझेका छन् । म कस्तो हुँ के हुँ भनेर । मेरो एउटै लक्ष्य छ, मेरो वीरगञ्ज हाम्रो वीरगञ्ज समृद्ध वीरगञ्ज हुनुपऱ्यो । जुन वीरगञ्ज, आजभन्दा ४० वर्ष अगाडी खुशहाल वीरगञ्ज थियो। सब क्षेत्रमा अगाडी थियो। त्यो वीरगञ्जको मौलिकता हराएको छ, त्यो मौलिकतालाई ल्याउनु मेरो लक्ष्य छ। यसका लागि मैले जे गर्नुपर्छ, कुनै हदसम्म जानुपर्छ भनेपनि म तयार छु ।

**महानगर प्रमुखको रूपमा तपाईंका प्रमुख तीन प्राथमिकता के(के हुन् ?**

म महानगरपालिकामा आउना साथ सबैभन्दा पहिलो जुन करले जनता लादिएका छन्। सर्वसाधरणदेखि लिएर व्यापार व्यवसाय गर्न व्यक्तिहरु माथि कर जर्बजस्ती थपिएको छ, लादिएको छ । त्यसलाई म हटाउँछु । किनभने कर लादेर मात्रै हुँदैन, तपाईले कर लिनुहुन्छ भने सुविधा पनि दिन सक्नुपर्छ । करको दायरा बढाउन नसक्ने, केहि सिमित व्यक्ति र व्यापारीमा मत्रै कर लाद्ने यो उचित देखिदैन ।

त्यसपछि खासगरी युवा छन्, औद्योगिक करिडोर भनिन्छ। व्यापारीहरुलाई पनि स्पष्ट रुपमा सुविधा दिन्छौं। नयाँ जमिन खोजेर व्यापार बसाउनलाई के के सुविधा दिन सकिन्छ वीरगञ्ज महानगरपालिकाले त्यो दिन्छौं ।

**तीन वटा प्राथमिकता एक, दुई, तीन भनेर बताउनु न ?**

मैले एउटै कुरा भनेको हुँ, एकमै आईरहेको छ यो। कर र व्यपार व्यवसाय, औद्योगिक करिडोर एउटैमा आईरहेको छ । व्यवसायीहरुलाई पनि भनिन्छ । तर के गरेको छ त ? वीरगञ्ज महानगरपालिकाले व्यवसायीहरुका लागि के गरेको छ त ? तपाईले के गर्नुहुन्छ ? मैले सोधेको त्यो हो ।

म व्यापारी, व्यसायी त हैन, कसरी व्यापार, व्यवसाय, कल कारखाना राम्रोसँग चल्न सक्छ । सर्वप्रथम, व्यवसायीहरुलाई छुट्टै विज्ञ राखेर सुविधा दिन्छु । त्यो दिएको खण्डमा मेरो वीरगञ्जका युवाहरुले रोजगारी पाउँछन् । दोस्रो, महानगरमा आउनासाथ सरसफाईमा जुन ठेक्का लगाएको छ त्यसलाई खारेज गर्छौं । किन गर्छौं ? कहि नभएको जात्रा हाँडी गाउँमा भनेको जस्तो। तपाई सफाई पनि गर्न नसक्ने, प्रत्येक घरधुरीबाट १ सय २० रुपैयाँ पनि उठाउने, अरु ठूला व्यवसायीसँग बढी उठाउँछन् । जो विचरा निमुखा सफाई कर्मचारी छन्, नेपाल सरकारको नियम अनुसार महानगरले १५ हजार रुपैयाँ दिईरहेको थियो । अहिले ठेकेदारको मार्फत लगेर यस्तो महंगो अवस्थामा साढे ७ हजार रुपैयाँ दिन्छ ? कहाँसम्मको इन्साफ हो। सरसफाई कर्मचारीलाई पनि स्वाभिमानको साथ जिउने आधारका लागि सरसफाईको ठेक्का खारेज गरेर उहाँहरुलाई व्यवस्थापन गर्छु ।

एकदम स्पष्ट भन्न चाहान्छु, महानगरपालिकामा भ्रष्टाचार मौलाएको छ । व्यक्तिगत र संस्थागत भ्रष्टाचारलाई निर्मुल पार्नुछ। त्यसका लागि एकदम स्पष्ट रुपमा नीति बनाउने ठाउँमा पुगेपछि सम्बन्धित निकायलाई झिकाएर जसले जसले बदमासी गरेको छ, त्यो अनुसार कानुनको दायरामा राखेर हतकडी लगाउँछु । सम्बन्धित निकायले दोषी सावित गरेको खण्डमा उनीहरुले हतकडी लगाउनैपर्छ। प्रमुख तीनवटा कामहरु यी छन् ।

तपाईले तीन वटा काम मात्रै सोध्नुभयो, तीन वटा काममा सिमित हुन्न म सुरेशजी, सबैभन्दा पहिले वीरगञ्जको मच्छडलाई निर्मुल पार्नुछ । ढल व्यवस्थापन गर्नुछ। ढलको छेउ छाउमा कचरा (फोहोर) फालिन्छ, त्यसलाई रोक्नुछ।

**तपाईं निर्वाचित भएपछि नागरिकले अनुभूत गर्ने तीन कुरा के( के हुनेछन् ?**

सबैभन्दा पहिले सरसफाईमा अनुभूति पाउँछन्, वीरगञ्ज धुलोको सहर होईन भनेर। दोस्रो कुरा लामखुट्टेबाट आजित भएका छन्, त्यसबाट निजाद पाउँछन वीरगञ्जवासीले ।

स्वास्थ्य र शिक्षामा तीन महिना भित्रै अनुभूति पाउनेछन् वास्तावमा शिक्षा र स्वास्थ्य भनेको कस्तो हुन्छ भनेर। महानगरका नागरिकले शिक्षा र स्वास्थ्यमा एकदमै धेरै खर्च गर्नुपरिरहेछ । हरेक परिवारलाई एउटा आर्थिक बोझ नै बनेको छ। एक त वातावरण राम्रो छैन, घरबाट निस्कने वित्तिकै फोहोर देखिन्छ। यो क्षेत्रमा परिवर्तन ल्याउने तपाईंको योजना के हो ?

महानगरपालिकाबाट पीडित भनेको दुईवटा वर्ग देखेको छु । एउटा शिक्षकहरु, अर्को स्वास्थ्यकर्मीहरु। जुन उहाँहरुको साख छ, कहि न कहि मैले अनुभूति गरेको छु, सरकारी विद्यालयमा पढाउने शिक्षक शिक्षिकाहरुको साख, मनोबल तल घस्केको अनुभव मैले गरेको छु। सरकारी विद्यालयको शिक्षक भनेपछि अभिभावकले पनि अलि अर्कै दृष्टिले हेर्ने गरेको मैले फिल गरेको छु । त्यसलाई कायम गराउनुछ।

शिक्षक राजनीतिमा लागेर न सामुदायिक विद्यालयको शिक्षा खस्केको न हो ?

**त्यो कुरा हैन, राजनीति गर्छन, बेचे उनीहरुलाई कसले ?**

तपाईहरु जस्तै नेता र राजनीतिक दलले ।

हैन हैन, राजनीतिका उहाँहरुकै संघ संगठनका केहि व्यक्तिहरु छन्। यति छन भनेर टाउको गिनाउँछन तर फाईदा लिने बेलामा सबै दलको शिक्षक नेता साँझ सेकुवा पसलमा एक साथ भेटिन्छन् । मैले बारम्बार यो कुरा शिक्षकहरुलाई भन्ने गरेको छु । तपाईहरुले सहीलाई सही र गलतलाई गलत जबभन्न सक्नुहुन्न, तपाईहरुले विरोध गर्न सक्नुहुन्न, तपाईहरुलाई मनमा डर छ मेरो सरुवा भैहाल्छ भनेर । तपाईले शिक्षा दिएको विद्यार्थीहरुले कसरी बोल्न सक्छन्। भोली उनीहरुले जुन संस्कार र शिक्षा पाउँछन् । तपाईहरुले बोल्न सक्नुहुन्न भने उनीहरुले बोल्न सक्ला न त, यसरी वीरगञ्ज अगाडी बढ्ला त ? सार्वजनिक रुपमै भनेको छु ।

शिक्षक र स्वास्थ्यकर्मीलाई एउटै डर छ। अलिकति विरोध गऱ्यो कि सरुवा गरेर कतै पठाईदेलान कि भन्ने। 'फुट डालो राज करो' निवर्तमान मेयरको सिद्धान्त हो।

**तपाई आबद्ध पार्टी बाहेक गठबन्धन दलका सदस्यले तपाईंलाई किन मत दिने ?**

किन भोट दिने ? गठबन्धन छ, गठबन्धनको लक्ष्य छ। प्रतिगमनको विरुद्धमा गठबन्धन बनेको छ । प्रतिगमनकारी शक्तिलाई रोक्नका लागि पनि गठबन्धनले गठबन्धनको पालना गर्नुपर्छ। भन्ने मान्यता रहेको छ। यो हिसाबले गठबन्धनले मलाई नै भोट दिन्छ भन्ने विश्वास लिएको छु।

**जुन गठबन्धनमा टेकेर उभिईरहनुभएको छ, त्यो गठबन्धनले साथ दिएन भने के हुन्छ ?**

गठबन्धनले पूर्ण रुपले साथ दिनेमा म विस्वस्त छु। गठबन्धनका केहि साथीहरु असन्तुष्ट हुनुहुन्छ । नेपाली काँग्रेस ठूलो पार्टी हो । धेरै नेताहरु मेयरका आकांक्षी हुनुहुन्थ्यो । उहाँहरुले केहि नपाउँदा एकछिनका लागि रुष्ट हुनु स्वभाविक हो। तर म विश्वस्त छु । केन्द्रबाट नीति बनेर आएको छ। गठबन्धनका लागि। खाली वीरगञ्ज महानगरपालिकामा मात्र हैन । देशैभरी प्रतिगमनकारीलाई रोक्नुछ। तसर्थ जो असन्तुष्ट हुनुहुन्छ, उहाँहरुले पनि सब कुरा बुझेर मलाई साथ दिनुहुन्छ भनेर विश्वस्त छु।

**पहिला यहि परीक्षा दिँदा एकपटक फेल हुनुभयो, अहिले पास हुन्छु भन्ने आधार के ?**

पहिला फेल भएँ, आफ्नै कारणले भएको हो । मेरै घरका मान्छे (बिमल श्रीवास्तवलाई संकेत गरिएको हो।) ले 'तिमीले पाए तिमी उठ्नु मैले पाए म उठ्छु, एक अर्कालाई सहयोग गर्ने ' भनेर 'ह्याण्ड सेक' गरे। तर अन्तिम चरणमा मलाई जब टिकट पाएँ। ती व्यक्ति तुरुन्तै १५ मिनेट पनि लागेन कुदेर अर्को ठाउँमा पुगे। दुवैको भोट मिलाउनुहुन्छ भने त्यहि बेलामा म जितिसकेको थिँए ।

**जुन व्यक्तिलाई संकेत गरिरहनुभएको छ, उहाँ त अहिलेपनि तपाईको साथमा हुनुहुन्न नी ?**

उहाँ हुनुहुन्न, उहाँ व्यक्ति फेरि लागिरहनुभएको छ त्यहि खेलामा, कुनैपनि हालतमा राजेशमान सिंह नआओस, तर म यो पाली ढुक्क छु। म जुन पार्टीमा लागेको छु, त्यो पार्टीको भोट, मेरो भोट जोड्नुस, अहिले गठबन्धनको भोट जोड्ने हो भने स्पष्ट रुपले जितिरहेका छौं, जित्छौं । म खेमावाईज राजनीतिबाट दिक्क वाक्क भएर पार्टी छोड्ने विचार गरेको हुँ । यो कुरा पहिले पनि निवेदन गरे, पून: निवेदन गर्छु । गठबन्धन एक ढिक्का भएर भारी मतले हामीहरु विजयी हुन्छु । यो कुरामा निश्चिन्त रहनुस, ढुक्क हुनुस ।

तपाईको प्रतिश्पर्धी निवर्तमान नगर प्रमुख विजय सरावगीले १० हजार मत अन्तरले जित्छु भन्नुभएको छ नी ?

मैले भन्नुभन्दा पनि म जनता ग्रास रुटमा बस्ने मान्छे हो । मलाई अगल बगलको मान्छेले कुरा सुनाएर हुँदैन । मलाई मेरा वीरगञ्जबासीले पूर्ण रुपमा साथ दिन्छन् भने म जित्छु कि उहाँ जित्नुहुन्छ । त्यो कुरा मुल्यांकन गर्ने देशको चौथो अंग हुनुहुन्छ, तपाईहरु खोजी नीति गर्नुस ।

तपाई बोल्नुहुन्न ?

म भारी मतले विजयी भईरहेको छु कि छैन, तपाईहरु आफैं सर्भे गरेर लेख्नुस, भन्नुस।

तपाई नगरप्रमुखमा जितेर गएपछि भ्रष्टाचारको फाईल खोल्छु भन्दै हुनुहुन्छ ? भोलि तिनै कर्मचारीसँग काम पनि गर्नुपर्छ । साढे ४ बर्ष तपाई यहि हुनुहुन्थ्यो, के हेरेर बसिरहनु भएको थियो त ?

तपाईहरु कहाँ हुनुहुन्थ्यो ? म तपाईहरुलाई सोध्न चाहान्छु तपाईहरु कहाँ हुनुहुन्थ्यो ? यहि राजेशमान सिंह हो, वीरगञ्जको सरसफाईको विषयमा, वीरगञ्जको रोडको विषयमा, वीरगञ्जको लामखुट्टेको विषयमा बारम्बार कुरा उठायो ।

बाहिर बाहिर न उठाउनुभयो ? अख्तियार उजुरी किन गर्नुभएन त ?

गएर हेर्नुस न, अख्तियारमा वीरगञ्ज महानगरपालिकाको फाईलको चाङ नै लागेका छन् । सुरेश जी । एउटा कुरा के छ भने नीति बनाउने ठाउँमा बसेर भन्नु र साधरण जनताले भन्नुमा धेरै अन्तर पर्छ । कोरोनाकाल नभईदिएको भए, विरोधको चर्को स्वर गुन्जिन्थ्यो । कोरोना कालले अलिकति यो विषयमा भाग्यमानी हुनुहुन्थ्यो निवर्तमान मेयर साब । विरोध त हामीले गरेको हो, जहाँ भ्रष्टाचार, जहाँ खराब काम, कमशल काम त्यहाँ पत्रकार सम्मेलन । जहाँ नाला फोहोर त्यहाँ पत्रकार सम्मेलन गरेको हो । जहाँ हजारीमलको जमिन हत्याउने कोशिस गरियो, त्यहाँ पत्रकार सम्मेलन गरेको हो। लामखुट्टेको विषयमा त्यत्रो प्रदर्शन गरेको हो।

विरोध गरेको हो । कोरोना महामारीले उहाँलाई बचायो । कोरोना महामारीको समयमा राम्रो काम गर्नुभयो भन्न खोज्नुभएको हो ?

हैन के गर्नुभयो ? एक घर एक पीसीआर भन्नुभयो । कस्को घरमा पीसीआर भयो ? तपाईको घरमा पीसीआर भयो ? तपाई त आफैं पीडित भएर जानुभएको थियो कस्ता खाना पाउनुहुन्थ्यो तपाईले ? तपाईले आफैं अनुभव गर्नुभएको छ । एउटा कुरा के छ भने गर्ने चाह हुनुपर्छ। कसैको केहि चाहिँदैन। साहिब दरबारको नाममा हामीहरुले पनि गरिब, निमुखा जनतालाई केहि सहयोग गऱ्यो । कमीबेसी भयो त होला।

**यसमा पनि महानगरले सहयोग गरेको थियो क्यारे त ?**

हैन किन गर्थ्यो ? महानगरले मलाई रौं बराबरको पनि सहयोग मलाई किन गर्थ्यो ? उहाँहरुको आँखामा त हामी बिझेका थियौं नी । हामीहरुले मच्छडको विरोध गऱ्यौं, कालो कार्नामाका बारेमा जनतालाई जानकारी गराईदियौं । मेरो संस्थाको नाम हो साहिब दरबार सेवा संस्था, मेरो संस्थालाई रौं बराबरको सहयोग गर्नुभएको छ भने तपाई जे भन्नु हुन्छ त्यो गर्छु। उहाँलाई आफ्नो आसेपासे जो छन, उसैलाई सहयोग गर्नुभएको छ।

**वीरगञ्ज भनेको सहर क्षेत्र मात्रै हैन, १६ वटा ग्रामीण वडा पनि छ । त्यस क्षेत्रको विकासको लागि तपाईसँग के योजना छ ?**

यसका लागि एउटा माष्टर प्लान बन्छ । मुखले बोलेर मात्रै हुँदैन । सबैभन्दा पहिले सर्भे गराएर माष्टर प्लान बनाएर काम गर्नुपर्छ। पछि थपिएको १६ वटा वडा मात्रै हैन, पुरानो १६ वटा वडा पनि धेरै अविकसित छन्, नगवाको भित्री टोलाहरुमा जानुस, घुम्नुस न सडक छ न नाला छ । यो सबैका लागि विज्ञहरुलाई राखेर माष्टर प्लान बनाएर काम गर्नुपर्छ। यो महानगरपालिकाको बजेट सिमित स्रोत साधनले मात्रै हुने पनि हैन । कहाँ हात फैलाउनुपर्छ, कसलाई पकडेर ल्याएर लगानी गर्न सक्नुपर्छ । हामीहरु गर्न सक्छौं, हामीहरुले त्यस विषयमा सोचेका पनि छौं । ३२ नम्बरको सडक बनाईदियो त २७ नम्बर बाँकी रहोस म त्यसरी काम गर्दिन । माष्टर प्लान अर्न्तगत पुराना र नयाँ वडाहरुलाई एक आपसमा कसरी जोड्ने भनेर पक्की सडक नै बन्छ। त्यसका लागि कहाँबाट कसरी कुन दातृ संस्था ल्याउनुपर्छ, एडिबीलाईलाई पकडनुपर्छ कि वर्ल्ड बैंकलाई पकडनुपर्छ। उहाँहरुलाई ल्याएर काम गर्छौं, विश्वस्त छौं । आजको भोलि नै हुन नसक्ला तर एक वर्ष, डेढ दुई वर्ष लाग्ला तर हामी गर्छौं। हामीले संकल्प गरेका छौं, अठोट गरेका छौं, मेरो वीरगञ्जलाई समृद्ध वीरगञ्ज बनाउँछु भनेर ।

**तपाईलाई नै भोट किन दिने त ?**

मैले सबै कारण बताईसकेको छु त, जनताले बुझेका छन् । वीरगञ्जबासीले बुझेका छन् । उहाँहरुको भरोसामा विश्वासमा राजेशमान सिंह नै खरो उत्रिन्छ भनेर। जनताको यात्रो समस्यामा को खडा थियो त ? यो मैले भनिरहनुपर्ने कुरा हैन, वीरगञ्जवासीसँग सोध्नुस। जनता समस्यामा परेको बेलामा हामीहरुको टिम नै खडा थियो, राजेशमान सिंह नै खडा थियो । मैले मजदुरी गरेको छु भने मलाई ज्याला दिन्छन वीरगञ्जबासीले । म विश्वस्त छु।

तपाईलाई अर्को आरोप लाग्ने गरेको छ, त्यो शब्द त म प्रयोग गर्दिन, बाहुबलीको रुपमा हेरिन्छ किन ?

सुन्नुस सुरेश जी म स्पष्ट रुपमा भन्न चाहान्छु, तपाईले भन्न हिचकिचाउनुहुन्छ होला, म हिच्किचाउँदिन ।

विपक्षीहरु, खासगरी तपाईकै देशका चौथो अंगका केहि व्यक्तिहरु छन् । जुन पार्टीबाट निवर्तमान मेयर साहेब उठनुभएको छ । उहाँका केहि आसेपासेले भन्ने गरेका छन् । राजेशमान सिंह गुण्डा हो। यहि कुरा भन्न खोज्नुभएको हैन ? म तपाईसँगै जान्न चाहान्छु गुण्डा भनेको कस्तो हुँदो रैछ ? मैले कहि गएर कुनै व्यापारी व्यवसायीसँग गएर रंगदारी लिएको छु कि ?

चन्दा लिएको छु कि ? कुनै सरकारी कार्यालयमा गएर हप्ता असुल गरेको छु की ? कसैके चेलिबेटीलाई हिड्न दिएको छैन कि ? अथवा केटा लगाएर चेलीबेटीलाई डिष्टूब गरेको छु कि ? गुण्डाईको अर्थ के हो त ? मैले कहाँ गरेको देख्नुभएको छ ? त्यहि प्रश्न म तपाईलाई गरिरहेको छु।

**राजेशमान सिंह भनेपछि मान्छे किन डराउँछन त ?**

एउटा कुरा के छ भने राजेशमान सिंह स्पष्ट कुरा गर्छ । स्पष्ट वक्ता हो । तपाईले गलत गरेको छु भने सुरेश जी तपाईको मुखमा भन्न सक्ने क्षमता राखेको छु। उनीहरुलाई डर त्यहि छ। उनीहरुले गरेको बदमासी जनताको बीचमा राख्न सक्छु । उनीहरुलाई सबैभन्दा ठूलो डर त्यो छ। तपाईलाई केहि परेको खण्डमा म तपाईको पक्षमा प्रशासनसँग लडछु । वीरगञ्ज महानगरपालिकासँग लड्छु भने म गुण्डा भएँ ? यस्तो गुण्डाईको उपाधी दिन्छन भने म सहज स्वीकार गर्छु। वीरगञ्जवासीलाई कहि पनि अन्याय अत्याचार हुन्छ भने म उहाँहरुको साथमा खडा हुन्छु। यसलाई उहाँहरु गुण्डाई मान्नुहुन्छ भने मलाई केहि फरक पर्नेवाला छैन।

किनभने मेरो वीरगञ्जबासीले स्पष्ट रुपमा बुझेका छन्, राजेशमान सिंह कस्तो हो ? गुण्डाईका अर्थ के हो प्रष्ट पारिदिनुस ? कहाँ के गरेको छु त्यो पनि देखाईदिनुस ? मनमा डर र त्रास छ, मैले गरेको गल्तीलाई राजेशमान सिंहले छोड्दैन। वीरगञ्जबासीको साथ पायो भने राजेशमानले त्यस्ता गलत गरेका व्यक्तिलाई छोड्दैन, जसले यो माटोको साथमा गद्दारी गऱ्यो, जसले माटोलाई अवहेलना गऱ्यो।

त्यस्ता व्यक्तिलाई राजेशमानले पक्कै पनि छोड्दैन । उनीहरुको मनमा त्यो डर छ। जसले झुटको खेती गरेकोछ, जसले आफ्नो पत्रिकामा आफ्नै पार्टीको समाचारको मात्रै पृष्ठ बनाएको छ । उनीहरुलाई यो डर छ राजेशमान सिंह आईदिएको खण्डमा भोलि वीरगञ्जबाट पलायन हुनु नपरोस, म त गलतको विरोध गर्छु । कानुनी प्रक्रियामा त जान्छु । उनीहरुलाई त्यो डर छ। डर मनमा समाएपछि आफूलाई बचाउनलाई लाख किसिमको झुट बोलिन्छ नी। त्यसैको उपज हो।

**वीरगञ्जमा अर्को एउटा ठूलो समस्या भनेको, यहाँका सार्वजनिक सम्पत्ति, स्वीमिङ पुल, घडिअर्वा पोखरी, नगर सभागृह छ । यी महानगरको आफ्नो सम्पत्ति हो, महानगरले आफूले भोगचलन गर्न नपाउने गरि ठेक्कामा लागेको छ । उचित संरक्षण हुन सकेको छैन, त्यसमा तपाई के गर्नुहुन्छ ?**

स्वीमिङ पुल, मेरै केटाहरुले लिएका छन्। त्यो पनि भन्न खोज्नुभएको होला । नीजि, सार्वजनिक साझेदारी अवधारणालाई जनप्रतिनीधि र कर्मचारीले बुझेकै छैन । उहाँहरु के सिर्फ केमा जोड दिनुहुन्छ एनिहाउ पैसा बढी आओस। निजी तथा सार्वजनिक साझेदारी अर्न्तगत चलाउनुहुन्छ भने तपाई पनि पार्टनर हुनुहुन्छ नि महानगरपालिका। तपाईले पार्टनरको भूमिका निर्वाह गर्नुभएको छ ?

तपाईले निजी तथा सार्वजनिक साझेदारी भन्ना साथ कसैलाई वर्षोनी, ५०/५० वर्षका लागि दिन मिल्छ ? गलत भएको ठाउँमा तपाई विश्वस्त रहनुस सुरेश जी, चाहे मेरै मान्छे किन नहोस कानुनी दायरामा आउँछ। तपाई निश्चिन्त रहनुस।

**औला उठाउनुहुन्छ त्यहाँ ?**

औला उठाउने मात्रै हैन, गलत गरेको व्यक्तिलाई कानुनी दायरामा सम्बन्धित निकायमा पुऱ्याएर ठाउँमा पुऱ्याउँछु। ठाउँमा पुग्ने भनेको तपाई बुझिरहनुभएकै छ ।त्यो निश्चिन्त रहनुस, चाहे मेरो मान्छे होस वा जो कोहि होस, जसले गलत गर्छ। अहिले म मुखले केहि बोल्दैन । समयले बताउँछ, समयले देखाउँछ। जहाँ गलत हुन्छ राजेशमान सिंह चुप लागेर बस्दैन ।